लेखापरीक्षण प्रतिवेदन

कन्काई नगरपालिका, झापा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कन्काई नगरपालिका, झापा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/655

श्रीमान् प्रमुखज्यू,

कन्काई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

जमुनावारी,झापा

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/655

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् प्रमुखज्यू ,

कन्काई पालिका, नगरकार्यपालिकाको कार्यालय

जमुनाबारी, झापा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.२ अर्ब ३१ करोड ८४ लाख ४० हजारको लेखापरीक्षणबाट रु.२ करोड १६ लाख ४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ३७ लाख ६७ हजार सम्परीक्षण भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.६७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६५ लाख ७९ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख ३४ हजार र पेश्की रु.१ लाख ५७ हजार गरी जम्मा रु.१ करोड ७८ लाख ३७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१४ करोड ५२ लाख ९५ हजारमा यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.१६ करोड ३१ लाख ३२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०४	३२	२,१६,०३,८९४	०	६	३७,६६,५४९	०	१०४	२६	१,७८,३७,३४५	६७,४७४	१,६५,७८,५०९	१०,३३,९६२	०	०	१,७६,१२,४७१	१,५७,४००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	१५,४२,४०,७६७	०	८९,४६,१८७	१४५२९४५८०	०	१,७८,३७,३४५	१६,३१,३१,९२५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट फस्यौंट				
१	२०८१/८२	६२	पेश्की बाँकीः	७०,०००
२	२०८१/८२	८५.१	जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटोमा पूर्वाधार निर्माण-	३६,३४,१२४
३	२०८१/८२	६६	छुट करः	६२,४२५
			जम्मा	**३७,६६,५४९**
४	२०८०/८१	७६	शिक्षा चालु-	१४,००,०००
५	२०८०/८१	४०	राजश्व तर्फ-	१,०००
६	२०८०/८१	२३	म्याद नाघेको पेश्की बाँकी-	५,१०,०००

७	२०८०/८१	२७	धरौटी फिर्ता-	१५,७१,७५८
८	२०८०/८१	८४	गाईपालन प्रवर्द्धन कार्यक्रम-	९,५०,४००
९	२०८०/८१	७.२	गत विगतको भुक्तानी-	२७,२४,२४७
१०	२०७९/८०	१२२	विद्यालय फर्निचर खरिद अनुदान	५७,१४०
११	२०७९/८०	११४	बैठक भत्ता तर्फ	२८,०००
१२	२०७९/८०	४०	बिल भरपाई पेश नगरी भुक्तानी	९,५००
१३	२०७९/८०	८५	पारिश्रमिक कर	७,०३३
१४	२०७९/८०	५०	जनपथ मार्ग सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।४।०७९।८०)	५८,२५१
१५	२०७९/८०	५७	कार्यसम्पन्न प्रतिवेदन	३,००,०००
१६	२०७९/८०	१४१	इम्प्लान्ट तालिम कार्यक्रम	४,८००
१७	२०७९/८०	४९	अस्पताल भवन निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।५।०७७।७८)	६,६८,७०६
१८	२०७९/८०	७८	अनुशिक्षण कार्यक्रम	६,०००
१९	२०७८/७९	६४	लघु उद्यम कार्यक्रम	७५,८९२
२०	२०७८/७९	६९	निर्देशिका विपरित खर्च	२,४३,२००
२१	२०७७/७८	४२	शिक्षण सहयोग अनुदानः	२,२६,८००
२२	२०७७/७८	१३	पदाधिकारी यातायात सुविधा	५३,४६०
२३	२०७७/७८	४८	धार्मिक विद्यालय अनुदानः	५०,०००
			जम्मा	**८९,४६,१८७**
कुल जम्मा				**१,२७,१२,७३६**

कन्काई नगरपालिका, झापा

(८०११२४०२३००)

कन्काई नगरपालिका , झापा

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ७९.१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५३१४८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०९।१६ देखि २०८२ ।०९।२१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्यायको रु.२ अर्ब ३१ करोड ८४ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४०,२४,७८३.५१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि नं.	बैंकको नाम	भौचर नं.	रकम	दाखिला मिति	प्रयोजन	कैफियत
१	नेपाल बैक लि.	९१३८०२२१	४१५०	२०८२।०९।२०	पारिश्रमिक करकट्टी	संघिय सरकार
२	नेपाल बैक लि.	९१३८१०४५	१२३१३	२०८२।०९।२०	पारिश्रमिक करकट्टी	संघिय सरकार
३	नेपाल बैक लि.	१९५२२२१११२	३०००	२०८२।०९।२०	बढि भुक्तानी	कनकाई नगरपालिका
४	नेपाल बैक लि	१९५११२१४४११	१०१२.५१	२०८२।०९।२०	नक्सापास कम रकम भुक्तानी	कनकाई नगरपालिका
५	नेपाल बैक लि	९१३१८०७२ र ९१३१८०७१	३५८२७	२०८२।०९।१८	कर रकम कम दाखिला	संघिय सरकार
६	नेपाल बैक	रसिद नं. ९३३	६०००	२०८२।०९।२०	बढि भुक्तानी	कनकाई नगरपालिका
७	नेपाल बैक लि	९१४४०११७	३६६६	२०८२।०९।२१	पारिश्रमिक करकट्टी	संघिय सरकार
८	नेपाल बैक लि	९१४१५८३८	२६५००	२०८२।०९।२०	छात्रवृत्रि बढि भुक्तानी	संघिय सरकार
९	नेपाल बैक लि	९१४१५८३९	२४५६९	२०८२।०९।२४	बढि भुक्तानी	विभिन्न उ स
१०	नेपाल बैक लि	९१५९९६८	३३७५०	२०८२।०९।२२	बढि भुक्तानी	सिंहदेवी मा वि
११	नेपाल बैक लि	९१७७९१७९	३५४३१	२०८२।०९।२५	बढि भुक्तानी	जामुनबारी दक्षिण पश्चिम जाने पेभर्स उ स बेरुजु
१२	नेपाल बैक	रसिद नं. ९४९	१७००	२०८२।०९।२८	बढि भुक्तानी	बैठक भत्ता
१३	नेपाल बैक लि	९१४१५८४०	३१८०	२०८२।०९।२८	बढि भुक्तानी	औषधि खरिद
१४	नेपाल बैक लि	९१७७९१८०	८०००	२०८२।०९।२८	बढि भुक्तानी	बढी भुक्तानी
१५	नेपाल बैक लि	९१९२३६०६	१४४००	२०८२।०९।२८	सा.सु. मृत्युपछिको भुक्तानी	सा.सु. मृत्युपछिको भुक्तानी
१६	नेपाल बैक लि	९१७७९१८१	१७००	२०८२।०९।२८	बढि भुक्तानी सहकारी	बढि भुक्तानी सहकारी
१७	नेपाल बैक लि	९२२१३१२५	३०६७	२०८२।०९।३०	सा.सु. मृत्युपछिको भुक्तानी	सा.सु. मृत्युपछिको भुक्तानी
१८	नेपाल बैक लि	९२२२४५३६	४०२६७	२०८२।०९।३०	सा.सु. मृत्युपछिको भुक्तानी	सा.सु. मृत्युपछिको भुक्तानी

१९	नेपाल बैक लि	९२२२४३६५	३०६९	२०८२।०९।३०	सा.सु. मृत्युपछिको भुक्तानी	सा.सु. मृत्युपछिको भुक्तानी
२०	नेपाल बैक लि	९१७७९१८२	१००००	२०८२।०९।२८	बढि भुक्तानी	उपभोक्ता समिति
२१	नेपाल बैक	रसिद नं. ९९७	८५३८	२०८२।१०।०४	बढि भुक्तानी	कनकाई नगरपालिका
२२	नेपाल बैक लि	९१७७९१८३	८२५६	२०८२।०९।२८	बढि भुक्तानी	सुर्योदय मार्ग उ. समिति
२३	नेपाल बैक लि	९१७७९१८४	१८८९२	२०८२।०९।२८	बढि भुक्तानी	स्वर्गद्धारी मार्ग उ. समिति
२४	नेपाल बैक लि	९१७७९१८५	२४५६९	२०८२।०९।२८	बढि भुक्तानी	रमाईलो पिक्निक राजमार्ग उत्तर मार्ग उ. समिति
२५	नेपाल बैक लि	९१७७९१८६	१४८५८	२०८२।०९।२८	बढि भुक्तानी	मन्सापुर टोल उ. समिति
२६	नेपाल बैक	रसिद नं. ४०२-१०८५४	४००००	२०८२।०९।३०	बढि भुक्तानी विद्युत पोल विस्तार वडा नं. ०४	बढि भुक्तानी विद्युत पोल विस्तार वडा नं. ०४
२७	नेपाल बैक लि	९२०६४८८१	६४९०	२०८२।०९।२९	पारिश्रमिक करकट्टी	संघिय सरकार
२८	नेपाल बैक लि	९२०६२९१६	६४९०	२०८२।०९।२९	पारिश्रमिक करकट्टी सुसम पाठक	संघिय सरकार
२९	नेपाल बैक	रसिद नं. ९८६	२००००	२०८२।०९।३०	बढि भुक्तानी	उपभोक्ता समिति
३०	नेपाल बैक	रसिद नं. ९६२	५२००	२०८२।०९।२८	बढि भुक्तानी ढकाल बन्धु	बढि भुक्तानी ढकाल बन्धु
३१	नेपाल बैक	९२१८१४५९	२७७६६८४	२०८२।०९।३०	संघीय सरकार बढि खर्च	संघीय सरकार बढि खर्च

३२	नेपाल बैक	९२१८०९६१	८०१६६५	२०८२।०९।३०	प्रदेश बढि खर्च	प्रदेश बढि खर्च
३३	नेपाल बैक	रसिद नं. ४०२-१०८५३	५०००	२०८२।०९।३०	बेरुजु रकम वडा नं. ०४	बढी निकासा
३४	नेपाल बैक	रसिद नं. ८८४	८२७०	२०८२।०९।३०	बेरुजु रकम वडा नं. ०७	बढी निकासा
३५	नेपाल बैक	रसिद नं. ९९०	८२७०	२०८२।०९।३०	अनुगमन भत्ता बेरुजु बापत	अनुगमन भत्ता बेरुजु बापत
		जम्मा	४०२४७८३.५१			

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकालाई अन्तरसरकारी अख्तियारी मार्फत निकासा भई खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२,३५,६६४५८१ , एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,०१,०५,१०२ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१२,८७,१६२ समेत रु.२४७०५६८४५ खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
गत वर्षको मौज्दात		७४४२११९१.२२	चालु खर्च (कुल)		२००२८६१४७.८
१. संचित कोष	४८१९३८७२.५१		चालु खर्च (प्रशासनिक)	१५३०८२०८१.७	
२. धरौटी	१२०१५१२० . ६९		पुँजीगत खर्च (कुल)		१४२७०००६२
३. कार्यसञ्चालन कोष	६४७६८९६ . ५४		पूँजीगत खर्च (संघीय र प्रदेश सरकारका आयोजना तर्फ स्रोत व्यहोर्नु पर्ने। म्याचिङ्ग फण्ड	४५५००००	
४. अन्य कोष	७७३५३०१ . ४८		पुँजीगत खर्च (सार्वजनिक निर्माण। सडक, सिँचाइ , खानेपानी लगायत	१३८१५००६२	
यस वर्षको आय		३५६३३०८४९.६	कार्यक्रम खर्च	४७२०४०९३	
१. आन्तरिक आय	५३९५७४६३ . ६७		अन्य खर्च		
२. समानीकरण अनुदान (संघ)	१२३४१७२००		ऋण फिर्ता (साँवा)		
३. समानीकरण अनुदान (प्रदेश)	८४१९०००		संघीय सरकार तथा प्रदेश सरकारमा फिर्ता		६११८५९३ . ६०
४. राजस्व बाँडफाँट (संघ)	९३१८३८३२.१५		धरौटी फिर्ता तथा सदर स्याहा		४७६८१३६.६४
५. राजस्व बाँडफाँट (प्रदेश)	११७९५८७७ . ६८		कार्यसञ्चालन कोषवाट भएको खर्च		२२०४९४४२
६. रोयल्टी बाँडफाँट	१३०६५ . ५२		अन्य कोषबाट भएको खर्च		
७. ऋण वित्तीय व्यवस्था	-		आर्थिक वर्षको अन्त्यमा मौज्दात		५४८२९६३० . ७१
८. अन्य आय (स्थानीय राजश्व वाँडफाड)	३४७५९३३० . ५६		संचित कोषको मौज्दात		३३४८४३१० . ४०
९. धरौटी आय	७७८७४१८.९		धरौटी		१५०३४४०२ . ९५
१० कार्यसञ्चालन कोष आय	२०२६६७५५ . ९४		कार्यसञ्चालनकोष		४६९४२१० . ४८
११. अन्यकोषको आय (सडक वोर्ड)	२७३०९०५		अन्यकोष		१६१६७०६.८८
जम्मा		४३०७५२०४०.६	जम्मा		४३०७५२०४० . ६४
संङ्घीय तथा प्रदेश सरकारको शशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ					

विवरण	रकम	रकम	विवरण	रकम	रकम
संघीय सरकार अनुदान			संघीय सरकार अनुदान		
१. सशर्त अनुदान	२२७९६००००		१. सशर्त अनुदान	२०८६८१८०६ .८१	
२. समपुरक अनुदान			२. समपुरक अनुदान		
३. विशेष अनुदान	१५३०००००		३. विशेष अनुदान	१४१९५४७६	
४. अनुदान			४. अनुदान		
५. अन्तर सरकारी अख्तियारी (संघ)	२४७०५६८४५		५. अन्तर सरकारी अख्तियारी (संघ)	२४७०५६८४५	
प्रदेश सरकार अनुदान			प्रदेश सरकार अनुदान		
१. सशर्त अनुदान	१७८२४०००		१. शशर्त अनुदान	१६८९७०२४	
२. समपुरक अनुदान	११९३३३३३		२. समपुरक अनुदान	११९२५७४३	
३. विशेष अनुदान			३. विशेष अनुदान		
४. अन्तर सरकारी अख्तियारी (प्रदेश)			४. अन्तर सरकारी अख्तियारी (प्रदेश)		
गैरसरकारी संस्थाबाट सञ्चालित योजना			गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
वैदेशिक सहयोगमा प्राप्त सञ्चालित योजना			वैदेशिक सहयोगमा सञ्चालित योजना		
अन्य आय भएमा			अन्य खर्च भएमा (सशर्त फिर्ता)	२१३१७२८३ .१९	
जम्मा		५२००७४१७८	जम्मा		५२००७४१७८
कुल जम्मा		१२२३८४३५५१.६४	कुल जम्मा		१२२३८४३५५१.६४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू.५,४८,२९,६३०.७१ र बैङ्क अनुसार मौज्दात रू.५,३४,१५,८११.७९ मौज्दात देखियो। पालिकाले तोकिए बमोजिम बैङ्क हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन। विविध खर्च खाताको बैकमा घटी मौज्दात भएको रू. १४,१३,८१९.९२ का सम्बन्धमा पालिकाले पेश गरेको बैंक स्टेटमेन्टमा मौज्दात रहेको देखियो । सुत्र प्रणालीमा समेत सो अनुसार बैंक मौज्दात कायम गर्नुपर्दछ ।

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
नेपाल बैंक लिमिटेड	ग २.३, विविध खर्च खाता	१४,१३,८१९.९२	०
नेपाल बैंक लिमिटेड	ग ३.१, स्थानीय तह धरौटी खाता	१,५०,३४,४०२.९५	१,५०,३४,४०२.९५
नेपाल बैंक लिमिटेड	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३,३४,८४,३१०.४०	३,३४,८४,३१०.४०
नेपाल बैंक लिमिटेड	ग ५.१, स्थानीय तह विविध कोष खाता	२२,८०,३९०.५६	२२,८०,३९०.५६
नेपाल बैंक लिमिटेड	ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	१६,१६,७०६.८८	१६,१६,७०७.८८
नेपाल बैंक लिमिटेड	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०,००,०००.००	१०,००,०००.००
जम्मा		५,४८,२९,६३०.७१	५,३४,१५,८११.७९

४ **फरक हिसाब -**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना गर्दा देहायअनुसार यस वर्षको प्राप्ती र यस वर्षको भुक्तानी रु.२४,७०,५६,८४५ र फरक परेको छ। सुत्रमा पालिकाको सम्पुर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैंक मौज्दात
म.ले.प.फा.२७०	७, ४४ , २१ , १९०.२२	५७, ९९ , ७६ , ७२४.३९	५९, ४६ , ८६ , २८६.५०	५, ४८ , २९ , ६३०.७१
एकिकृत वित्तीय विवरण अनुसार	७, ४४ , २१ , १९०.२२	८२,७०,३३,५६९.३९	८४,१७,४३,१३१.५	५, ४८ , २९ , ६३०.७१
फरक	०	२४,७०,५६,८४५	२४,७०,५६,८४५	०

५ **सञ्चित कोष स्थानान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्वतः जम्मा(ट्रान्सफर)गर्नुपर्ने व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा विभाज्य कोषमा रु.१६,१६,७०७.८८ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गर्नुपर्दछ।

६ **खर्च बिश्लेषण -**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.५,३९,५७,४६३.६७ राजस्व बाँडफाँडबाट रू. १०,४९,९२,७७५.३५, अनुदानबाट रू.३९,४८,५३,५३३ तथा अन्य प्राप्तीवाट रू.५९,५६,२०,५८८.४ लगायत रू. १,१४,९४,२४,३६०.४२ प्राप्ती भएकोमा चालु तर्फ रु.२०,०२,८६,१४७.७५ तथा अन्यकोष अन्तरसरकारी अख्तियारी तर्फको भुक्तानी रू.८२,६०,२९,७११.१८ र पुँजीगत तर्फ रू.१४,२७,००,०६२ समेत रु.१,१६,९०,१५,९२०.९३ खर्च भएको छ। अन्तरसरकारी अख्तियारी तर्फ बाहेकको खर्च रु.९२,१९,५९,०७५.९३ मध्ये आन्तरिक आयको हिस्सा ५.८५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको समानीकरण अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ५८.३९ प्रतिशत चालु र ४१.६१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

७ **त्रैमासिक पुँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट शीर्षक उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु . हजार मा)				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	१४२७००	१३७६८	१०९१८	२३०२५	९४९८९	४९५९९
खर्च प्रतिशत	१००	९.६४	७.६५	१६.३१	६६.४	३९.७७

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१४ करोड २७ लाख पूँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ३७ लाख ६८ हजार (९.६४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ९ लाख १८ हजार (७.६५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ३० लाख २५ हजार (१६.३१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ४९ लाख ८९ हजार (६६.४० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ९५ लाख ९९ हजार (३९.७७ प्रतिशत) खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । नियममा भएको व्यवस्थाअनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३९३५५६९३.५१	३२०२६७८०	५.३९
२	सामाजिक विकास	२९१००७५८८.४९	२५४४४२५४०.८१	४२.७८
३	पूर्वाधार विकास	१८६७८६५५४	१४८९९११०१.५	२५.०५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३५३००९९०	२३९९६१२५	४.०३
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४३८३३१७४	१३५२२९७३९.१९	२२.७५
कुल जम्मा		६९६२८४०००	५९४६८६२८६.५	१००.

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.७८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटी ४.०३ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

९ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र

सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आंशिक रुपमा गर्ने गरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भए तापनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको तथा संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं २०२ को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

१० **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१-०३-१० मा रु.६९ करोड ६४ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१-०३-३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१-०४-०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी

प्रदान गरेको छ । ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ प्रकारका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१३ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाको सुत्र विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कूल रू.७,४७,३९,७४३ बजेट रकमान्तर भएको देखियो। जुन कुल विनियोजन बजेट रु.६९ करोड ६४ लाख १५ हजारको १०.७३ प्रतिशत भएको देखियो । कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८१-११-२७ को निर्णयबाट अनुमोदन भएको देखियो। रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

घट कायम भएको		थप कायम भएको	
कार्यक्रम	रकम	कार्यक्रम	रकम
विभिन्न १०४	७,४७,३९,७४३	विभिन्न १७७	७,९८,३९,७४३

१४ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी नगरसभाबाट मिति २०८१-०३-३० मा पारित गरि रू.१,११,९३,९३० भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

सि.न.	कार्यक्रमको नाम	भुक्तानी दिन बाँकी रकम
१	वडा न ९ मा विद्युत पोल विस्तार	९३१६७
२	पत्रपत्रिका सुचना प्रकाशन	३२४१७
३	नदि नियन्त्रण वड न ८	४४००
४	पुस्तक खरिद	७५००
५	सुगुर/बाख्रा पाठा खरिद	४५०००
६	पारिश्रमिक सिलाइ प्रशिक्षक वडा न ९	५१९५०
७	आधारभुत स्वास्थ्य केन्द्र वडा न ४	७८६८
८	बालमैत्रि नगर कार्यक्रम	१९०२०
९	बालमैत्रि नगर कार्यक्रम	३९९२०
१०	पेश्कि फच्र्यौट	५६०९४
११	पञ्चायत मार्ग कालोपत्रे	२९४४८५
१२	रेडियो नेपाल धनकुटा	१५१००
१३	किशोर किशोरी स्वास्थ्य कार्यक्रम	९८०००
(क) जम्मा चालु		७६४९२१
१	विद्युतिय सवारि खरिद	४१४९०००
२	श्री सिंहदेवि मा वि - सौचालय निर्माण	४०००००
३	महिन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	२६१८२६
४	डिजि निर्माण इन्जिनियरिङ्ग प्रा. लि.	४८०९२८
५	मेयर आवास निर्माण उ स वडा न १	५५८९५०
६	फुङ्गफुङ्गे शैलेश्वरि निर्माण सेवा प्रा लि	१३१६६९९
७	सडक मर्मत तथा मर्मत संभार	४०२६५२७
जम्मा पुजिगत		१११९३९३०

१५ **योजना तर्जुमा तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.५ लाखभन्दा साना १६३ , रु.५ लाख देखि २० लाख सम्मका ५६ र रू. २० लाख माथिका १२ योजनामा खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन ।

विवरण	जम्मा योजना संख्या	खर्च रकम रु.	रु.२० लाख माथिका	रु.५ लाख देखि २० लाख सम्मका	रु.५ लाख मुनिका
पालिकातर्फ	५०	१३७७१०७४२	११	२७	१२
वडातर्फ	१८१	५३६००८८०	१	२९	१५१
जम्मा	२३१	१९१३११६२२	१२	५६	१६३

सो मध्ये २० योजना कर्यान्वयन भएको देखिएन । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

१६ **खरिद योजनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१४,२७,००,०६२ पुँजीगत खर्च गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले आर्थिकबर्ष २०८१।८२ को अन्तरसरकारी अख्तियारी तर्फको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय तथा पालिकातर्फको आन्तरिक लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न गरेको छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१८ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

निकाय	अनुदान	प्राप्त	खर्च	फिर्ता रकम	बाँकि रकम
सघीय सरकार	शसर्त अनुदान	२२७९६००००	२०८६८१८०६.८१	१९२७८१९३.१९	०
	विषेश अनुदान	१५३००००००	१४१९५४७६	११०४५२४	०
प्रदेश सरकार	शसर्त अनुदान	१७८२४०००	१६८९७०२४	९२६९७६	०
	समपुरक अनुदान पुँजीगत	११९३३३३३	११९२५७४३	७५९०	०

१९ **अनुदानको अनुगमनः**

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ र बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा न १ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा

प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाइ मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाइ मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ ।

क्र.स.	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
१	संघीय बिशेष अनुदान	१	१४१९५४७६
२	प्रदेस समपुरक अनुदान	१	११९२५७४३

२० **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२१ **सेवा प्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा पास र अभिलेखि करण	१२१
पञ्जिकरणतर्फ	
जन्मदर्ता	७४६
मृत्युदर्ता	३८०
बसाईसराई दर्ता	५३०
विवाह दर्ता	४९२
सम्बन्धविच्छेद दर्ता	७६
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	६.६५९ कि.मि.
कालोपत्रे सडक मर्मत	०.४४७ कि.मि.
ग्राभेल सडक निर्माण	११.६८ कि.मि.
ग्राभेल सडक मर्मत	३.६८३ कि.मि.

२२ **वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

(क) बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

क्र सं	नीति तथा कार्यक्रमको बेहोरा	नीति तथा कार्यक्रमको वेहोरा
१	भौतिक पूर्वाधार विकास तर्फः	नगरका निर्माण हुन बाँकी रहेका वडा कार्यालयका भवनहरु संघीय सरकार तथा नगरको समेत साझेदारीमा सम्पन्न गरिने र त्यस्ता भवनहरू जेष्ठ नागरिक, अपाङ्ग तथा बालमैत्री हुने गरी निर्माण गर्ने,
		नदी कटान नियन्त्रण कार्यक्रमलाई संघ, प्रदेश तथा दातृ निकाससँगको सहयोग एवं सहकार्यमा तटबन्धन तथा ग्रीन बेल्ट बाटो निर्माण कार्यलाई निरन्तरता दिने,
		रु.१० लाख भन्दा माथिका योजनाहरू कार्यान्वयन गर्दा आवश्यकता र औचित्यका आधारमा इ–टेन्डर प्रकृयाका माध्यमबाट गरिदैँ आएको नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
		सडक तथा संरचना सम्बन्धी पूर्वाधार मर्मत सम्भार गर्न वडालाई तोकिएको कूल बजेट रकम मध्येबाट बढीमा रु.१० लाख बजेट विनियोजन गर्ने व्यवस्थालाई निरन्तरता दिने,
		नगर स्तरीय पूर्वाधार योजनाको हकमा रु.५ लाख र वडा स्तरीय योजनाको हकमा रु.२ लाख भन्दा कम लागतको योजनाहरु छनौट नगरिने नीतिलाई निरन्तरता दिने,
		नगरपालिकाबाट नक्सा पास नगराई मापदण्ड विपरीत बनाईएका भवन/संरचनाहरु सडक र ढल निर्माण तथा विस्तार गर्दा संरचना वा भवनको क्षति हुन गएमा सम्बन्धित धनीलाई जिम्मेवार बनाउने नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ। राष्ट्रिय भवन आचारसंहितालाई पूर्ण रुपमा कार्यन्वयमा दिने,
		अनिवार्य रूपमा नक्सा पास गरी नाला सहितको घर बनाउनु पर्ने व्यवस्था क्रमशः कार्यान्वयन गर्ने नीतिलाई अभियानको रुपमा अगाडि बढाउँने,
		पूँजीगत प्रकृतिका योजना तथा कार्यक्रमहरु चालु वर्षको फागुन मसान्त सम्ममा सम्झौता गरी सक्नु पर्ने र जेष्ठ मसान्त भित्रमा कार्य सम्पन्न गरी भुक्तानी गर्ने प्रबन्ध मिलाउँने,
		आवश्यकता अनुसार प्रत्येक वडामा खुला व्यायामशाला निर्माण गर्ने नीतिलाई निरन्तरता दिने,
		५ लाख भन्दा माथिका सवै योजनामा सार्वजनिक सुनुवाई अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिने ,
२	शिक्षा युवा तथा खेलकुद	विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री अपाङ्ग मैत्रि तथा वातावरणमैत्रि बनाउने नीति अबलम्बन गर्ने,
		स्थानीय प्रतिभाशाली विभिन्न खेलका खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलकुद प्रतिष्ठान (sports Academy) स्थापना गरि व्यवसायिक खेलाडी उत्पादन गर्न र विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गर्न यस नगरपालिकाका साथै झापा जिल्लाका अन्य पालिकाहरुसंग साझेदारी,सहकार्य र समन्वय गर्ने,
३	स्वास्थ्य तर्फ	Ø कनकाई नगर अस्पताललाई थप सुविधा सम्पन्न बनाउन आवश्यक औजार उपकरण तथा विशेषज्ञ सेवाका साथै शल्यक्रिय कक्ष व्यवस्थापन गरी सेवा सुचारु गर्ने ,
		एलोपेथिक चिकित्साका साथै आयुर्वेद चिकित्सा प्रणाली,होमीयोप्याथिक चिकित्सा प्रणाली, प्राकृतिक चिकित्सा प्रणाली तथा युनानि चिकित्सा प्रणालीको विकाशका लागी जोड दिने,
४	महिला, बालबालिका , ज्येष्ठ नागरिक , अपाङ्ग तथा लक्षित वर्ग तर्फः	Ø लैंगिक हिंसा बिरुद्ध हुने सबै प्रकारका हिंसा शोषण दुर्व्यवहार र भेदभाब अन्त्य गर्दै लैंगिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गरिने र हिंसा न्युनीकरणका कार्यक्रमहरुलाई निरन्तर संचालन गर्ने,
५	खानेपानी तथा सरसफाई	४० माइक्रोन भन्दा पातला प्लाष्टिकका झोला प्रयोगमा निरुत्साहित गरिनुका साथै अनुगमनलाई थप प्रभावकारी बनाईने छ। प्लाष्टिकजन्य सामग्रीको उचित व्यबस्थापनका लागि जनचेतनामुलक विभिन्न कार्यक्रम संचालन गर्ने,

	(फोहोरमैला व्यबस्थापन)	नगर भित्रका सामुदायिक वनहरुलाई एकिकृत योजना बनाई तिनको प्रवर्धन र दिगो विकासका लागि आवश्यक योजना र कार्यक्रम ल्याउने,
		कनकाई नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा सांस्कृतिक तथा प्राकृति पर्यटकीय क्षेत्रहरु कोटीहोम धार्मिक क्षेत्र,कोच राजवंशी संग्राहालय,सन्थाल संस्कृतिक संग्राहालय, जामुनबारी, प्रजापति, कनकाई, सुकेडागी सामुदायिक वन,तालखाडी,धरधरे सिमसार,लुकुनीखाडी,वि.पि बनवाटीका,रमणीय पार्क,योगमाया पार्क, शहिद पार्क, ह्यापी ल्याण्ड फन पार्क जस्ता संस्थागत तथा निजी क्षेत्रबाट पर्यटकीय पूर्वाधार निर्माण भएकाले कनकाई नगरपालिकालाई ' धार्मिक पर्यटन क्षेत्र घोषणा गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गर्ने
६	विपद् व्यवस्थापन	सेन्डाई ढाँचा अनुरुप कार्यान्वयनमा आधारित विपद्-जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यक्रम ल्याइने,
७	सार्वजनिक सेवा, सु शासन तथा संस्थागत क्षमता विकास तर्फ	आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्ने,
८	राजश्व परिचालन	तीनपाङ्ग्रे सिटी रिक्सालाई नगरमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाउँने,
९	कृषि तथा पशुपालन	कृषिउत्पादनको विविधिकरण तथा विशिष्टीकरणका लागि कृषिजन्य बस्तुहरूको उत्पादन , सम्भाव्यता , अनुकुलता तथा हाल भइरहेको कृषिजन्य उत्पादन समेतलाई मध्यनजर गर्दै यस अघि घोषणा गरिएका कृषि पकेट क्षेत्रहरूको विकासलाई निरन्तरता दिइनेछ साथै नयाँ पटेक क्षेत्रको पहिचाहन गर्ने,
१०	उद्योग, वाणिज्य , सहकारी तथा वित्तीय क्षेत्र तर्फ	विपन्न तथा गरिब नागरिकलाई औद्योगीकरणको माध्यमबाट आर्थिक अवस्थामा सुधार ल्याउन सर्वपक्षीय सहमतिको आधारमा औद्योगिक क्षेत्रको स्थापनाकोलागि आवश्यक पहल गर्ने,
		नगरभित्र रहेका साना तथा घरेलु उद्योगको अनुगमन गरी व्यवस्थित गर्ने,

(ख) बजेट (विनियोजन ऐन) मा समाबेश भई कार्यान्वयन नभएका योजना/ कार्यक्रम

क्र सं	योजना/कार्यक्रमको वेहोरा	विनियोजन रकम
१	डिजिटल प्रोफाईल निर्माण	२० लाख
२	नगरका विभीन्न स्थानमा फ्रि वाईफाई जडान तथा संचालन	१ लाख
३	नगरपालिकाको वडाहरुमा संचालित खानेपानी आयोजना संचालन तथा विधालयमा खानेपानी कार्यक्रम संचालन तथा व्यवस्थापन	५ लाख
	खर्च	
४	वन वातावरण सम्बन्धि विविध कार्यक्रम संचालन	६ लाख ६५ हजार

नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वयन गर्ने व्यबस्था हुनुपर्दछ ।

२३ **कानून निर्माण एवं कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म

१४ वटा ऐन, ३ वटा नियमावली,५६ कार्यविधि, ३ निर्देशिका, ५ मापदण्ड, १ आँचारसंहिता, १ कार्यदेश लगायत ८६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तर्जुमा भएका कानूनहरुको प्रभावकारि कार्यान्वय गर्नुपर्दछ ।

२४ **नक्शाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरि अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२५ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको १७ गरी कुल २१ विवाद दर्ता भएकोमा सबै मुद्धा फर्स्यौट भएको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई थप प्रभावकारि बनाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका १० सहकारी संस्थाहरुले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखियो।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२७ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू.१३,९२,००० खर्च गरेको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२८ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले २ पटक सार्वजनिक सुनुवाई गरी रु.२,४५,०३३ खर्च लेखेको छ । सार्वजनिक सुनुवाई लाई बृहत बनाई पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२९ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, २०८१ तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु.५ करोड १८ लाख ९९ हजार ३६० खर्च लेखेको छ । तलबी

प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० **संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित स्थायी तर्फ ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४० पद पूर्ति भएको देखिन्छ। प्राप्त विवरणअनुसार प्रशासन अधिकृत, कृषि विकास अधिकृत, इन्जिनियर, असिष्टेन्ट सब-इन्जिनियर, लेखा अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु सम्बन्धमा कार्यालयको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

३१ **कर्मचारी करारः**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने ब्यवस्था छ। पालिकाले हलुका सवारी चालक,हेभी सवारी चालक,कार्यालय सहयोगी, कृषि अधिकृत, इन्जिनियर, सव-इन्जिनियर,सहायक पाचौँ,सहायक चौथौँ,सर्वेक्षक,अमिन,अहेव,ल्याब असिष्टेण्ट लगायतको पदमा ८१ जना करारमा र ज्यालादारीतर्फ सरसफाई कर्मीको पदमा ३ जना नियुक्ति गरि पारिश्रमिक वापत रु.२ करोड ०९ लाख २१ हजार २१९ खर्च लेखेको छ । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएकोमा पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पेश भएकोमा दर्ता भएको देखिएन। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।साथै पालिकाले व्यवस्थापन सर्वेक्षणमा समावेश नभएको बाल कल्याण अधिकारी १, सामाजिक परिचालक २ जना समेत ३ कर्मचारी दरबन्दी बाहिर राखि पारिश्रमिक वापत रु.१३,३६,९४२ खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,३६,९४२

३२ **पद दर्ताः**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा स्थानीय तहले सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने ब्यवस्था छ। पालिकाले संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी पालिका अन्तर्गत रहने बिभिन्न स्थायी कर्मचारी ६४ पद र करार तर्फ आधारभुत स्वास्थ्य केन्द्र सहितको ७० पद समेत १३४ दरबन्दी स्वीकृत गरेकोमा प्रदेश किताबखानामा पद दर्ता गर्न मिति २०८१-०५-१९ मा पेश गरेकोमा किताबखानाले पद दर्ता गरेको पाईएन। ऐनमा भएको ब्यवस्था वमोजिम पद दर्ता गरी पदपूर्ती गर्नुपर्दछ।

३३ **अवकाश कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरको छैन । कानून बमोजिम अवकाश कोष स्थापना गर्नुपर्दछ ।

३४ **पदाधिकारी सुविधाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.८६ लाख ७६ हजार खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ५ करोड ३९ लाख ५७ हजार रहेको छ।जुन

आन्तरिक आयको १६.०७ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३५ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रु.२२,००,००० र कर्मचारीको बैठक भत्ता वापत रू.८,००,००० समेत जम्मा रू.३०,००,००० खर्च गरेको देखियो। जुन आन्तरिक आय रू. ५ करोड ३९ लाख ५७ हजार को तुलनामा ५.५५ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

३६ **ढिला राजस्व दाखिला गरेकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। नमुना परीक्षण क्रममा वडाका वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव १ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखियो। यस सम्बन्धमा सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रिया प्राप्त भए तापनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

३७ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान (संघ र प्रदेश)	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
२३६८२८९७५	५३९५७४६३	२२.७८

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २२.७८ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

३८ **आय प्राप्तिको अबस्थाः**

यस पालिकामा बिगत ३ बर्षको राजश्व अशुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)			
आर्थिक बर्ष	बार्षिक अनुमान रकम	असुली रकम	असुली प्रतिशत
२०७९।८०	६१०३०	६१२५३	१००.३६
२०८०।८१	४४८७१	४३९११	९७.८६
२०८१।८२	६१२१३	५३९७५	८८.१७

उल्लिखित तालिका अनुसार राजश्व अशुली आ.व.२०७९।८० को तुलनामा आ.व.२०८०।८१ र २०८१।८२ मा घटेको देखिन्छ । आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन गर्नुपर्दछ ।

३९ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.६ करोड १२ लाख १३ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.५ करोड ३९ लाख ७५ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ८८.१७प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	असुली
१	११३१३	सम्पती कर	१, ५० , ०० , ०००.००	१, ६८ , ६९ , २९५.६९
२	११३१४	भुमिकर/मालपोत	०	७, १७ , ७७६.५०
३	११३१७	वहाल कर	४५, ०० , ०००.००	४३, २८ , ७३०.९२
४	११३१८	वहाल विटौरी कर	६५, ०० , ०००.००	८८, ६७ , ३६९.५४
५	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२०, ०० , ०००.००	२४,८९३.००
६	११४७९	अन्य मनोरञ्जन कर	१८, ०० , ०००.००	१,३००.००
७	११६११	व्यवसायले भुक्तानी गर्ने	०	१, ०७ , ४००.००
८	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	२,०००.००
९	११६९१	अन्य कर	३, ७३ , ०१४.४९	५८,३८६.००
१०	१४१२२	व्यापारिक निकायबाट प्राप्त लाभांश	०	५००.
११	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	६, ०७ , ८३१.००
१२	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	२५, ०० , ०००.००	१९, ९३ , ८१८.००
१३	१४२१८	विद्युत सेवा शुल्क	०	९,०००.००
१४	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	२५, ०० , ०००.००	२, २४ , ३४५.००
१५	१४२२१	न्यायिक दस्तूर	४०,०००.००	१४,९५५.००
१६	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	०	२५,५५०.००
१७	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	२, १५ , २००.००
१८	१४२४१	पार्किङ्ग शुल्क	१, ०० , ०००.००	०
१९	१४२४२	नक्सापास दस्तुर	५०, ०० , ०००.००	२२, २६ , ४८१.१२
२०	१४२४३	सिफारिश दस्तुर	७०, ०० , ०००.००	८०, १६ , ८९१.०१
२१	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	६, ०० , ०००.००	७, ९२ , ०५०.००
२२	१४२४५	नाता प्रमाणित दस्तुर	२, ०० , ०००.००	२, ५६ , ६५०.००
२३	१४२४९	अन्य दस्तुर	०	३६,८०१.००
२४	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	१०, ०३ , ९९५.००
२५	१४२६५	अन्य क्षेत्रको आय	०	०
२६	१४३११	न्यायिक दण्ड , जरिवाना र जफत	०	४६,८३५.००
२७	१४३१२	प्रशासनिक दण्ड , जरिवाना र जफत	०	१, १६ , ०१०.००
२८	१४४२१	पूँजीगत हस्तान्तरण	०	२,४००.००
२९	१४५२१	प्रदुषण नियन्त्रण शुल्क	१०, ०० , ०००.००	८, १३ , १५०.००
३०	१४५२९	अन्य राजस्व	७१, ०० , ११३.००	१२, १७ , ९७०.०९

३१	१४६११	व्यवसाय कर	५०,००,०००.००	३७,००,८५०.००
३२	१५१११	बेरूजू	०	१६,५९,०२९.८०
जम्मा			६,१२,१३,१२७.४९	५,३९,५७,४६३.६७

४० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३७,००,८५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४१ **वन पैदावार विक्रीः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ ।

४२ **नदिजन्य पदार्थमा रोयल्टीः**

ढुङ्गा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा न ९ मा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गको नदिजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त जानकारी अनुसार उल्लिखित कानूनी व्यवस्था अनुसार पालिका अन्तर्गतका बिरिङ खोलाको ठेक्कापट्टा गरेको भए पनि अनुगमन भएको लिखित अभिलेख राखेको देखिएन। वाताबरणीय परीक्षणबाट संकलन गर्न सकिने भनि तोकेको परीमाणअनुसार ठेक्कापट्टा भएको परीमाण तथा संकलित परीमाण र संकलन हुन बाँकी रहेको परीमाणसमेतको अनुगमन गरी उत्खनन भएको परिमाण अनुसार पालिकालाई आय प्राप्त भएको अबस्थासमेत सुनिश्चित गर्नुपर्दछ।

४३ **आय ठेक्कामा मापदण्डको पालनाः**

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को अनुसुचि १,२,३,४ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख भएकोमा यस बर्ष पालिकाले आय ठेक्का लगाई आम्दानी गरेकोमा देहाय बमोजिम पाईयो।

• कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन,

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन,

• दैनिक खरिद विक्री तथा उत्खन्न अभिलेख समेत राखेको पाईएन,

• चेक्लिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन,

तसर्थ पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **कानुनी व्यवस्थामा विविधता**

कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७. मा प्रदेश भित्रको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, चिप्स, चुनढुङ्गा, अभ्रख, खरीढुङ्गा, चट्टान, स्लेट, माटो, बलौट, भरौट र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुन बमोजिम वाताबरणीय अध्ययन स्वीकृत गराउनु पर्ने, सोही ऐनको अनुसुची- ६ बमोजिम प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क अशुल गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यबस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिरिङ खोला नाकाको आय ठेक्काबाट उल्लिखित पदार्थ सङ्कलन तथा बिक्रीबाट रु.२ करोड ३८ लाख ९३ हजार ८०५ संकलन गरेकोमा प्रदेश सञ्चित कोषमा ४० प्रतिशतले हुने रु.९५ लाख ५७ हजार ५२२ दाखिला गरेको छ । कानुनी व्यवस्थामा बिबिधता हुँदा संकलित रकम जम्मा गर्न तथा बाँडफाँट सम्बन्धमा स्पष्टता नभएको अबस्था रहेको देखिन्छ ।संघ तथा प्रदेशबाट जारी भएका कानुनमा द्विविधा नहुने गरी कार्यान्वयनमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

४५ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजनवापत यस वर्ष विभिन्न ३०० जनालाई व्यक्तिलाई रू.१७ लाख ८७ हजार आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.५ करोड ३९ लाख ५७ हजारको ३.३१ प्रतिशत हुन जान्छ। साथै आर्थिक सहायता प्राप्त गर्ने सम्पूर्ण व्यक्तिको नाम नामेसीको विवरण पालिकाको वेव साईटमा सार्वजनिकरण गरेको नदेखिएकाले उक्त विवरण सार्वजनिकरण गर्नुपर्दछ । यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी मितव्ययिता कायम गर्नुपर्दछ।

४६ **इन्धन खर्चः**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २० थान, ट्रिपर १ , ट्रयाक्टर १,व्याकहोल्डर १,एक्जाभेटर १, जीप २, कार २ समेत २९ थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शीर्षक रु.१७,००,००० र इन्धन अन्य प्रयोजनमा रु.१३,८७,२१२ समेत जम्मा रू.३०,८७,२१२ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको इन्धनको अभिलेख, एक्जाभेटर ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने इन्धनको मापदण्ड समेत नबनेकोले इन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। इन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी इन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

४७ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २० थान, ट्रिपर १ , ट्रयाक्टर १,व्याकहोल्डर १,एक्जाभेटर १, जीप २, कार २ समेत २९ थान

रहेकोमा छ । उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.३३६६६५८ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अद्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

४८ **यन्त्र उपकरण सञ्चालनः**

यस पालिकामा व्याकहोल्डर,एक्जाभेटर, ट्रिपर र ट्रयाक्टर रहेकोमा उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

४९ **सवारीसाधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक श्रोतबाट १ थान विद्युतिय सवारी साधन खरिदमा रु.४१,४९,००० खर्च लेखेको छ । सवारी साधन खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५० **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च वापत पालिका र वडातर्फ रु.२५ लाख र सभा सञ्चालनमा रु.१३ समेत रु.३८ लाख हजार खर्च गरेको छ।उक्त खर्च आन्तरिक आय रु.५ करोड ३९ लाख ५७ हजारको ७.०४ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बीचमा आवश्यक तादम्यता मिलाई विविध खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

५१ **मसलन्द तथा कार्यालय सामग्रीः**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.३०,००,००० को कार्यालय तथा मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

५२ **अनुदान वितरणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष पालिकाको पुँजीगत बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्महरुलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्वेश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन।अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको, उपलव्ध गराएको अनुदान रकमबाट आबश्यक कानुनी प्रकृया पुरा गरी खर्च गरेको, खर्च गरेको रकमको लेखापरीक्षण गरेको र अनुदान पाउने निकाय अस्तित्वमा नरहेमा उपलव्ध गराएको अनुदान रकम सम्बन्धमा के कसरी व्यबस्था गरिने यकिन हुने व्यबस्था गरी वितरित अनुदान वेवसाईटमा राख्ने व्यबस्था हुनुपर्दछ ।केहि उदाहरण-

क्र. सं.	विवरण	रकम	संख्या
१	सिंचाई मोटर खरिद तथा वितरण न.पा. र वडा समेत ५० प्रतिशत साझेदारी	७३,७२,४५७	३४९
२	मकै छोड्याउँने औजार खरिद तथा वितरण न.पा. र वडा समेत ५० प्रतिशत साझेदारी	१७,५३,३००	८७
३	मकै रोप्ने साना औजार खरिद तथा वितरण न.पा. र वडा समेत ५० प्रतिशत साझेदारी	३,०६,०००	१०२
४	मकै रोप्ने ठुलो औजार खरिद तथा वितरण न.पा ५० प्रतिशत साझेदारी	२,१४,०००	१
५	धान काट्ने औजार खरिद तथा वितरण समेत ५० प्रतिशत साझेदारी	१,८९,०००	१
६	घासँ काट्ने औजार खरिद तथा वितरण वडाको ५० प्रतिशत साझेदारी	१,९४,६००	७
७	ड्रम सिडर न.पा २५ प्रतिशत साझेदारी	४,८२,९९९	२१- ३ जलेर नष्ट
९	मल्चिङ्ग प्लाष्टिक ३३ रोल वडा नं.७	१,४८,३३०	३३
	जम्मा	१०६६०६८६	६०१

५३ **पुँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र पर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कूल पुँजीगत खर्च रू.१५ करोड ५५ लाख ४ हजार मध्ये रू.५ करोड ४६ लाख २४ हजार अर्थात ३५.१२ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.१० लाख ४२ हजार ११६ अर्थात ०.६७ प्रतिशत सोझै खरिदको माध्यमबाट, रू.१ लाख ५३ हजार २४५ अर्थात ०.०९ प्रतिशत अमानतको माध्यमबाट, रू.९ करोड ९६ लाख ८४ हजार ४९० अर्थात ६४.१२ प्रतिशत उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

क्र स	विवरण	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	५४६२४८१६	३५.१२
२	सोझै खरिद	१०४२११६	०.६७
३	अमानत	१५३२४५	०.०९
४	उपभोक्ता समिति	९९६८४४९०	६४.१२
	जम्मा	१५५५०४६६७	१००

५४ **बोलपत्रको मुल्याङ्कनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २६ प्रतिशत देखि ३३ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ३३ प्रतिशत लागतमा तोकिएको

गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

ठेक्का नं.	योजनाको नाम	लागत अनुमान (मू.अ.कर बाहेक)	कबोल अंक (मू.अ.कर बाहेक)	घटी प्रतिशत	निर्माण व्यवसायीको नाम	बोलपत्र बिक्रि संख्या
Kanakai/NCB/Works/ १/०८१-८२	Laxmi Marga Kalopatre	१९,६५०,६१०.१६	१३,४७८,४४०.६३	३१.४१	Nil Ganesh Construction Pvt. Ltd.	५
Kanakai/NCB/Works/ २/०८१-८२	Swargadwari Marga Kalopatre	३,९००,९५६.१८	२,८५१,७१५.३९	२६.९	Devi Mata Pathibhara Construction Pvt. Ltd.	३
Kanakai/NCB/Works/ ९/०८१-८२	Swargadwari Marga Kalopatre Nirantarta	४,४६७,०१६.८०	३,१५६,१९६.६१	२९.३४	Devi Mata Pathibhara Construction Pvt. Ltd.	३
Kanakai/NCB/Works/ १०/०८१-८२	Nagar Prahari Barrack Nirman	८,१९३,४५९.६१	५,४४१,१९१.०५	३३.५९	KP Pathibhara Construction Pvt. Ltd.	८

५५ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५६ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत रू.१३,००,००० खर्च गरेको देखियो। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्दन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

५७ **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांसमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

५८ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान लिलाम गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। जेन्जी आन्दोलन पश्चात नष्ट

भएका जिन्सी मालसामानको अवस्था यकिन गरि नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी, मिन्हा लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५९ **जिन्सी मौज्दात जिम्मेवारीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version १ लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version २ (PAMS V२) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version १ मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version २ मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन नसक्ने अबस्था रहने हुँदा सबै जिन्सी सामानको जिम्मेवारी सार्नुपर्दछ । पालिकाले जेन्जि आन्दोलनमा सम्पूर्ण खर्च भएर जाने सामाग्री जलेर नष्ट भएको जनाएको छ ।

६० **वजेट सिमाको पालना** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने व्यवस्था छ । अपाङ्गता भएका ब्यक्तिहरुको बिशेषज्ञ चिकित्सक प्राबिधिकद्धारा प्रारम्भिक जाँच तथा आवश्यकता पहिचान शिबिर सञ्चालनको लागी बिशेषज्ञ चिकित्सक तथा प्रबिधिकलाई भत्ता, यातायात शिबिर सम्वन्धि प्रचार प्रसार खान खाजा लयायत क्रियाकलापगत ९ संख्यामा प्रति रु. ४७०३९। का दरले रु. ४२३,३५०। खर्च गर्ने स्वीकृत भएकोमा भौ नं.२९-२०८१।१२।२० वाट रु. ४८८८५०।- खर्च लेखेको पाईयो । सो कार्यक्रमका लागी पालिका चालुवाट भौ. ४४३। २०८१। १२।२० वाट रु.१५५७१०।- समेत रु.२२१,२१०।- स्वीकृत वजेट भन्दा वढि खर्च गरेकोमा कार्यपालिकाको मिति २०८१-१२-०७ मा उक्त खर्च रकम स्विकृत गरेको देखियो । स्विकृत बजेट भन्दा बढी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६१ **वीउ पूँजी**-

कन्काई अपाङ्गता समावेशी समुहलाई वीउ पूजी सहयोगवापत ४५००००।– निकाशा खर्च लेखेकोमा वडास्तरीय मिलिजुली समुहमा उक्त वीउ पूँजी परिचालन गरी सोको उपयोगको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

६२ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार रू.१,५७,४०० पेश्की बाँकी देखियो । असुल फस्र्योट गर्न बाँकी रहेकी पेश्की नियमानुनुसार समयमा असुल फस्र्योट गरेको प्रमाण पेश गर्नुपर्ने रु.

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्की रकम	आ.व.२०८२।८३ मा पेश्की फस्यौर्ट भएको गो.भौ.नं. र मिति
कर्मचारी					
२०८२/०२/१२	६३९	अध्ययन अवलोकन तथा भ्रमण	भिम प्रसाद ढकाल	१०००००.	बाँकी
०४/०१/२०८१	१	विपद व्यवस्थापन तथा भैपरि आउने	कमला विश्वकर्मा	२००००.	बाँकी
२०८१/०६/१०	४४	उपचार तथा दाहासंस्कार	कमला बिश्वकर्मा	५०,०००.००	भौ न २३१ मिति २०८२।०७।२८
२०८१/१२/०६	४०५	मसलन्द तथा वडा कार्यालय संचालन खर्च	सम्झना तिवारी	२७,०००.००	भौ न २०१ मिति २०८२।०७।२७
२०८२/०१/२४	५८६	कनकाई नगरपालिकाको जग्गा अध्यावधिक फिल्ड नापी, टेपनापी, टोटल स्टेसन, सेटेलाईल इमेज तथा सो कार्यका लागि कार्य गर्ने सहजकर्ताको पारिश्रमक समेत	कृष्ण प्रसाद भट्टराई	३०००००.	भौ न १४५ मिति २०८२।०७।२६
०३/२२/२०८२	९६१	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	अनुप प्रसाद रेग्मी	४०००००.००	भौ न १४ मिति २०८२।०५।२०
०३/२४/२०७६		कार्यक्रम खर्च	पोषराज त्रिताल	२९३५००	भौ. न २१३ मिति २०८२/०७/२७
२०८२/०३/२४		अन्य सहायता	शोभित राई	५७५०००.००	भौ.न २२२ मिति २०८२।०७।२७
२०८२/०३/२५	१००७	वडा कार्यालय संचालन खर्च	सम्झना अधिकारी	१०००००	भौ न १२ मिति २०८२।०५।२०
जम्मा				१८,६५,५००	
ठेकेदार					
२०८१/०४/०१	१	सामुदायीक भवन निर्माण	याक्थुम्हाङ । एस. ए. एस. जे.भी.	४९,६५,२०६.००	भौ न २० मिति २०८२।०७।१३
२०८१/०४/०१	२	वडा न. ४, ६ र ८ को कार्यलय भवन निर्माण	सिद्धीथुम्का निर्माण सेवा प्रा.लि.	२,९३,४५८.००	भौ न २२ मिति २०८२।०७।२६
२०८१/०८/३०	३१	गैर आवासीय भवन निर्माण/खरिद	एलेक्स–शान्ति	३२,५८,५०४.००	बाँकी

			निर्माण जे.भी.		मोबिलाईजेशन पेश्की
२०८२/०१/०५	८	जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटो कालोपत्रे	युनिक कन्स्ट्रक्सन	१६,५०,०००.००	बाँकी मोबिलाईजेशन पेश्की
२०८२/०१/१६	१०	जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटो कालोपत्रे	युनिक कन्स्ट्रक्सन	३३,००,०००.००	बाँकी मोबिलाईजेशन पेश्की
जम्मा				१,३४,६७,१६८.००	
संस्थागत					
२०८१/०४/०१	१	सडक तथा पूल निर्माण	कनकाइ नगरपालिका	९,७५,२६८.६२	भौ न २२ मिति २०८२।०७। २६
जम्मा				९,७५,२६८.६२	
उपभोक्ता समिति					
२०८२/०१/१२	१३०	पाथिभारा मार्गमा पेवर्श वडा न ३	पाथिभरा मार्ग निर्माण उ स	२,९३,६०४.००	भौ न २१ मिति २०८२।०७। २६
जम्मा				२,९३,६०४.००	
व्यक्तिगत					
२०८१/०४/०१	१	बिमा तथा नबीकरण	रोहीत कुमार कोइराला	३७,४००.००	बाँकी
२०८१/०४/०१	१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	रोहित कोइराला	१,७०,०००.००	भौ न २२६ मिति २०८२। ०७।२७
जम्मा				२,०७,४००.००	
कुल जम्मा				१,६६,१८,९४०.६२	
कुल जम्मा मध्ये म्याद नाघेको				१,५७,४००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१,५७,४००

६३ **अवलोकन भ्रमणः**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । पालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन

भ्रमणको लागि आर्थिक वर्ष २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरी यो वर्ष वडा कार्यालय तथा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गरी रु. १२२०२५०.०० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्वेश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

गो. भौ . नं. / मिति	भ्रमण विवरण	खर्च रकम
२९६।२०८१।१०।३०	जनप्रतिनिधी तथा कर्मचारी इलाम भ्रमण, वडा नं . ४	४०२५०.
२९६।२०८१।१०।३०	जनप्रतिनिधी तथा कर्मचारी इलाम भ्रमण, वडा नं . ५	१०००००.
२९६।२०८१।१०।३०	जनप्रतिनिधी तथा कर्मचारी इलाम, पाँचथर भ्रमण , वडा नं . ७	१३००००.
४४०।२०८१।१२।२०	महिला स्वास्थ्य स्वयंसेविका लुम्बिनी, भ्रमण	२५००००.
९३३।२०८१।३।१९	प्रधानाध्यापक लगायतको इलाम भ्रमण	२०००००.
६६२।२०८१।२।१९	जनप्रतिनिधी तथा कर्मचारी इलाम भ्रमण, वडा नं . १	२०००००.
४४०।२०८१।१२।२०	महिला स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण	२०००००.
७३५।२०८२।२।३१	जनप्रतिनिधी तथा कर्मचारी इलाम भ्रमण	१०००००.
जम्मा		१२२०२५०.

६४ **खेलकुद कार्यक्रम सञ्चालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा नगरपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ४०१६६३३.०० भुक्तानी गरेको छ । उक्त कार्यक्रमको खाना, खाजा, होटलबास, पारिश्रमिक,खेल सामाग्री खरिद वितरण, पुरस्कार लगायतमा हुने खर्चको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी मितव्ययी रुपमा त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं . / मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
१३३।२०८१।७।७	पालिका स्तरिय सन्थाल फुटवल प्रतियोगिता (श्री मार्शल ११ सन्थाल फुटवल प्रतियोगिता उ . स .)	१००००० .
१३३।२०८१।७।७	वडास्तरिय फुटवल प्रतियोगिता (श्री जामुनखाडी स्पोर्टिङ्ग क्लव)	२४५००० .
१३३।२०८१।७।७	वडास्तरिय खेलकुद प्रतियोगिता वडा नं. ४	९८५९२ .
१७५।२०८१।८।१९	प्रथम नगर स्तरिय खुल्ला कराते प्रतियोगिता (कनकाई सितोरियो कराते एकेडेमी)	१५८००० .
२३३।२०८१।१०।२३	वडास्तरिय खेलकुद प्रतियोगिता वडा नं. ७	४८५९० .
२५१।२०८१।१०।२४	वडास्तरिय खेलकुद प्रतियोगिता वडा नं. ५	४८८७२ .
३४९।२०८१।११।२०	राष्ट्रपति रनिङ्ग शिल्ड (कन्काई नगर खेलकुद विकास समिति)	२००००० .
३५४।२०८१।११।२२	खेलकुद कार्यक्रम सञ्चालन (कन्काई खेलकुद प्रतिष्ठान)	५००००० .
३५७, ३५८।०८१।११। २२	खेल सामाग्री खरिद तथा वितरण	१९२३६५ .
३६३।२०८१।११।२२	वडाध्यक्ष कप कराते प्रतियोगिता कार्यक्रम सञ्चालन वडा नं. ९ (वडाध्यक्ष कप कराते प्रतियोगिता उ . स .)	७५००० .
३६१।२०८१।११।२२	बेनुबाजा कप कराते प्रतियोगिता कार्यक्रम सञ्चालन वडा नं. ५ (बेनुबाजा इङ्गलिस बोर्डिङ्ग स्कुल)	१००००० .
३७१।२०८१।११।२७	कनकाई कप भलिबल प्रतियोगिता (सुरुङ्गा जेसिस)	५०००० .
३७१।२०८१।११।२७	खुदुनाबारी गोल्डकप फुटबल प्रतियोगिता	३९१५० .
३८७।०८१।१२।०४	खेल सामाग्री खरिद तथा वितरण	८९०९९ .
३८५।२०८१।१२।०२	राष्ट्रपति रनिङ्ग शिल्ड (कन्काई नगर खेलकुद विकास समिति)	१४३४२० .
४०६।२०८१।१२।०६	महिला फुटवल प्रतियोगिता सञ्चालन (कन्काई खेलकुद प्रतिष्ठान)	१००००० .
३८५।२०८१।१२।०२	प्रशिक्षित खेलाडीलाई खाना खाजा (कन्काई नगर खेलकुद विकास समिति)	१२६४५४ .
४२६।२०८१।१२।१३	खुल्ला साईकल दौड प्रतियोगिता (सुरुङ्गा सहकार्य युवा क्लव)	६९००० .
४४४।०८१।१२।२०	खेल सामाग्री खरिद तथा वितरण वडा नं. २	८४५२४ .
४५१।०८१।१२।२५	पालिका स्तरिय कर्मचारी खेलकुद कार्यक्रम	३३६८१८ .
४६८।०८१।१२।२७	खेल सामाग्री खरिद तथा वितरण वडा नं. ३	९४३५५ .
४७४।२०८१।१२।२८	वडास्तरिय भेट्रान फुटवल प्रतियोगिता (कन्काई भेट्रान क्लव)	६०००० .
४६८।०८१।१२।२७	खेल सामाग्री खरिद तथा वितरण वडा नं. २	५९०४२ .
५६५।२०८२।११।२१	प्रशिक्षित खेलाडीलाई खाना खाजा (कन्काई नगर खेलकुद विकास समिति)	८५८१५ .
९५२।०८२।३।२१	खेल सामाग्री खरिद तथा वितरण(कन्काई नगर खेलकुद विकास समिति)	३३१३२० .
९११।०८२।३।१६	नगद रकम भुक्तानी (झापा ११ खेलकुद कार्यक्रम)	३३१३२० .
९०५।०८१३।१६	खेल सामाग्री खरिद तथा वितरण वडा नं. ५	६५४२७ .
८६४।०८२।३।१३	तेकवानदो प्रतियोगिता वडा नं. ३	५०००० .
८१६।०८१।३।१६	खेल सामाग्री खरिद तथा वितरण	६७२३५ .
६७८।०८१।२।२२	फुटवल प्रशिक्षण (घैला डुब्वा युवा क्लव)	६७२३५ .

	जम्मा	४०१६६३३

६५ **फरक शीर्षकमा गरेको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९मा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्नुपर्ने उल्लेख छ त्यस्तै दफा २० मा कुनै बजेट शीर्षकममा बजेट अपुग भएमा विनियोजन ऐनको सिमा भित्र रही रकमान्तर गरी खर्च गर्न सक्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा नगरपालिकाले देहायबमोजिमको शीर्षकमा विनियोजन गरेको बजेटको रकमान्तर स्वीकृत नगरी अन्य शीर्षकमा रु. १४३९७०२खर्च गरेको देखियो । नियमानुसार बजेट रकमान्तर स्वीकृत नगराई अन्य शीर्षकबाट खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु.,

गो. भौ . नं. / मिति	खर्च शिर्षक	खर्च गरेको शिर्षक	खर्च रकम रु.
१८२।०८१।७।२०	निर्मित सार्वजनिक सामाग्रीको मर्मत सम्भार	कार्यालय सामाग्री (एसी) खरिद	९०६३६८.
११९।०८१।६।२२	मेशिनरी सामान मर्मत तथा संचालन खर्च	कार्यालय सामाग्री (कम्प्युटर , ल्यापटप) खरिद	५३३३३४.
जम्मा			१४३९७०२

अनियमित भएको	१४,३९,७०२

६६ **छुट करः**

आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष देहायको सेवा प्रदायक फर्मलाई सेवा कार्य वापत रु. ४९६९१५ भुक्तानी गर्दा कर विजक जारी गरेको देखिएन । कर विजक जारी नगर्ने सेवा प्रदायकलाई श्रोतमा नियमानुसार कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कट्टी गरी भूक्तानी गरेको देखिएकोले नियमानुसार १५ प्रतिशतले हुने छुट कर रू.२२८३१ सम्बन्धित संस्थाबाट असुल गरी राजस्व दाखिला गर्नु पर्दछ, रू.,

भौ. नं ./ मिति	खरिद गरको सेवा/ कार्यक्रम	सेवा प्रदायकको नाम	भुक्तानी रकम रु	१५% अग्रिम कर रु.	कट्टी गरेको कर रु.	छुट कर रकम रु.
४४६।०८१।१०।२४	वडा नं. २ का महिलालाई कागजको झोला बनाउने आधारभुत तालिम	गोपाल गौरी दिगो विकास प्रतिष्ठान	१२५०००	१८७५०	५३३८	१३३६२
६७५।०८२।२।२१	लागु औषध सम्बन्धी सचेतनामुलक कार्यक्रम	नव जीवन प्रतिष्ठान नेपाल	६९९५०	१०४९३	१०२४	९४६९
जम्मा						२२८३१

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१९,३६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१२,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१०,१८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२२,८३१

६७ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका आपूर्तकबाट यो वर्ष मशलन्द कार्यालय सामाग्री, विविध प्रकारको विद्युतिय सामाग्री लगायतको खरिद कार्य बोलपत्र आह्वान नगरी एक आर्थिक वर्षमा सोझै खरिद गरी रू. १८१६६७७ गरेको देखियो । सार्वजनिक खरिद कानूनको पालना गरी वोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्न पालिकाको ध्यान जानु पर्दछ ।

गो. भौ.नं. / मिति	सेवा प्रदायक	कामको विवरण	भुक्तानी रकम रु.
१३९।२०८१।७।१३	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	९८५९२
१६६।२०८१।८।१८	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	४१८१०
२३३।२०८१।१०।१३	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	३५६८५
२५१।२०८१।१०।२४	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	४८८७२
३५७।२०८१।११।२२	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	४३२७९
३५८।२०८१।११।२२	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	९८१०९
३८७।२०८१।१२।४	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	८८२०४
६३५।२०८२।२।२	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	९८२७५
६३८।२०८२।२।२	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	३०८७१
४५१।२०८१।१२।२५	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	८९९७७
४६८।२०८१।१२।२७	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	९४३५५
५५३।२०८२।१।२६	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	५९०४२
६९४।२०८२।२।२७	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	६७०७५
९०५।२०८२।३।१६	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	५९०४२
९५२।२०८२।३।२१	कन्काई स्पोर्ट जोन	खेलकुद सामाग्री खरिद	८६३४८९
जम्मा			१८१६६७७

६८ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष ४ वटा आपूर्तकबाट सवारी साधन मर्मत गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्ने तर्फ पालिकको ध्यान जानुपर्दछ ।

गो. भौ.नं. / मिति	सेवा प्रदायक	कामको विवरण	भुक्तानी रकम रु.
९०।२०८१।६।१९	भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि .	सवारी साधन मर्मत	२०१३२०
४७६।२०८१।१२।२८	भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि .	सवारी साधन मर्मत	२९८१७६
८९४।२०८२।३।१५	भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि .	सवारी साधन मर्मत	१६७२५
८९५।२०८२।३।१५	भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि .	सवारी साधन मर्मत	१५४७८६
९३१।२०८२।३।१८	भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि .	सवारी साधन मर्मत	८१७२९
१८४।२०८१।८।२०	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	१८१०८९
९१७।२०८२।३।१७	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	४८१७५
९५५।२०८२।३।२१	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	९७१२५
१७६।२०८१।८।१९	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	३५४८५
८९५।२०८२।३।१५	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	१५३४६४
८९४।२०८२।३।१५	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	५५७५०
१७९।२०८२।३।१५	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	१७९१२५
२४०।२०८२।१०।२४	स्नेपडी अटोमोबाइल सर्भिसेस्	सवारी साधन मर्मत	९८४२१
जम्मा			१६०१३७०

६९ **अग्रिम आय करः**

आयकर ऐन २०५८ को दरफा ८९ अनुसार व्यक्ति तथा फर्मलाई करार वा ठेक्का बमोजिमका पचास हजार भन्दा बढी रकम भुक्तानी गर्दा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कनकाई ज्ञानमाला प्रकासन गरेवापत विभन्न विद्यालयलाई रु. २००६८६ भुक्तानी गरेकोमा विद्यालयले यूनिक अफसेट प्रेशबाट उक्त खरिद कार्यको नियमानुसार कट्टी गर्नुपर्ने कर रकम रु. ३०१० कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कर कट्टा नगरी भुक्तानी गरेको देखियो । कानून अनुसार कट्टी गर्नुपर्ने कर असुल गरी दाखिला गर्नुपर्ने रु.,

असुल गर्नुपर्ने	३,०१०

७० **कुकुर बन्ध्याकरणः**

(३६०-2081-11-27):

कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ मा सम्बन्धित पशु सेवा कार्यालयले पशु बन्ध्याकरणमा संलग्न संघ/संस्था/भेटेरीनरी क्लिनिकसंग सहकार्यमा कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने र पशु सेवा कार्यालयबाट प्रति कुकुर रु.२००० का दरले उक्त संस्थाहरुलाई रकम उपलब्ध गराइने व्यवस्था छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आहारा तथा अन्य व्यवस्थापन सम्बन्धित संघ/संस्थाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निश्चित स्थानमा कुकुर बन्ध्याकरण सिविर सञ्चालन गर्न नेपाल एग्री लाइभष्टक ट्रेनिङ्ग एण्ड रिसर्च सेण्टरलाई ७२ कुकुर बन्ध्याकरण गरे वापत २७५० को दरले रु. १९८००० भुक्तानी गरेको देखियो। कार्यविधिमा उल्लेखित खर्चको मापदण्डको आधारमा लागत अनुमान बनाई सोही बमोजिम मितव्ययी खर्चमा त्यस्ता कार्यक्रम गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

७१ **वितरणमुखी खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ ले सरकारी खर्चलाई मितव्ययी बनाउने तथा वितरणमुखी कार्यमा खर्च गर्दा प्रयाप्त तयारी गरी न्यूनतम खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले देहाय

बमोजिमका व्यक्ति तथा संस्थालाई निम्नानुसारको रु. ३५०३१२८.०० को वितरणमुखी खर्च गरी नगद तथा विभिन्न सामाग्री वितरण गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं ./ मिति	भुक्तानी लिने व्यक्ति/ संस्था	खर्च रकम रु.
१३६।२०८१।७।१३	सन्थाल मेला पुरस्कार वितरण कार्यक्रम(कनकाई खेलकुद प्रतिष्ठान)	२५००००.
१६७।२०८१।८।१८	एकादशी मेला पुरस्कार वितरण लगायत (चम्पपुर बजार व्यवस्थापन समिति)	४००००.
२८४।२०८१।१०।२९	पाथिभरा कृतन मण्डलीलाई पोशाक वितरण कार्यक्रम(तुलसा थापा)	३००००.
२८५।२०८१।१०।२९	सुत्केरी पोषण(नगद) वितरण कार्यक्रम (टिकामाया दवाडी)	३०००००.
३१४, ४६५।०८१। ११।४	जाली तथा बेल्चा वितरण कार्यक्रम(वडा नं १ , ४)	१९५४९८.
३१४।२०८१।११।४	जाडो मौसममा न्यानो कपडा वितरण कार्यक्रम	४०२८४५.
३५२।२०८१।११।२०	जेष्ठ नागरीक अवलोकन भ्रमण कार्यक्रम	७५०००.
३४२।२०८१।११।२०	कोच राजवंशी संग्राहलय व्यवस्थापन खर्च वितरण	१०००००.
३४२।२०८१।११।२०	कनकाई इसाई समाज रजत महोत्सव व्यवस्थापन खर्च वितरण	११७०००.
३४२।२०८१।११।२०	एकल महिला भ्रमण व्यवस्थापन खर्च वितरण (एकल महिला कार्यक्रम उ . स .)	५००००.
४२५।२०८१।११।२०	जन कल्याण समाज रजत स्थापना दिवश व्यवस्थापन खर्च वितरण	५००००.
३५२।२०८१।११।२०	जेष्ठ नागरीक दिवा सेवा व्यवस्थापन खर्च वितरण (जेष्ठ नागरीक सँघ)	१०००००.
४३०।२०८१।११।१५	जेष्ठ नागरीक अवलोकन भ्रमण कार्यक्रम(जेष्ठ नागरीक सँघ)	५००००.
४६०।२०८१।१२।२५	एकल महिला अवलोकन भ्रमण खर्च वितरण (जागरण एकल महिला समुह उ . स .)	५००००.
४६७।२०८१।१२।२७	अपांगता भएका व्यक्तिको अवलोकन भ्रमण खर्च वितरण(कनकाई अपांगता समावेसी संस्था सुकेडाँगी मिलीजुली समुह)	५००००.
४८९।२०८१।१२।३१	टोल विकासका महिला समुहलाई माहुरी घार वितरण (टोल विकास महिला समुह उ . स .)	२०००००.
४९१।२०८१।१२।३१	दलित महिला समुहलाई नौमती बाजा वितरण	९००००.
५०६।२०८२।१।८	एकल महिला समुहलाई हलो किट वितरण	४७७५०.
५०९।२०८२।१।९	जेष्ठ नागरीक अवलोकन भ्रमण लुम्बिनी, पाल्पा खर्च वितरण (जेष्ठ नागरीक सँघ)	१०००००.
५१५।२०८२।१।१०	स्काउटको बिराटनगरमा हुने ज्याम्बोरी व्यवस्थापन खर्च (किशोर महत)	१०००००.
५२६।२०८२।१।२	सुत्केरी पोषण(नगद) वितरण कार्यक्रम (टिकामाया दवाडी)	३०००००.
५२६।२०८२।१।२	जनजाती भवनलाई भाडाकुडा वितरण (टिकामाया दवाडी)	७००००.
१०१२।२०८२।३।२५	जेष्ठ नागरीक सम्मान कार्यक्रम व्यवस्थापन खर्च वितरण(जेष्ठ नागरीक सँघ)	५००००.
१०१२।२०८२।३।२५	विज्ञान प्रदर्शनी व्यवस्थापन खर्च वितरण(युथ पावर फाउन्डेशन)	५००००.
९७१।२०८२।३।२३	टोल विकास संस्थालाई स्प्रे ट्याङकी वितरण	७३५००.
८५९।२०८२।३।१२	कन्काई लोक कला साँस्कृतिक संस्थालाई लाई साँस्कृतिक बाजा वितरण	७३५००.
८३९।२०८२।३।९	आदिवासी जनजाती विद्यार्थीलाई साइकल वितरण	१०००००.
८३९।२०८२।३।९	अपाँगता भएका व्यक्तिलाई झुल वितरण साइकल वितरण	८५९६०.
१०१२।२०८२।३।२५	टोलविकास संस्था संचालन तथा व्यवस्थापन खर्च वितरण	१२००००.

७२६।२०८२।२।३०	महिला समुहलाई नौमती बाजा वितरण	१८२०७५.
		३५०३१२८

७२ **विद्युत विस्तार -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रममुलक प्रकृतिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष उपभोक्ता समितिमार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नुपर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका कामसमेत गराएको देखिन्छ । सवै नागरिकलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल विद्युत प्राधिकरणको हो। विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ। त्यस्तै विद्युत प्राधिकरणले टेलिफोन तथा अन्य केवल सेवा प्रदायकले विद्युत प्राधिकरणको पोल उपयोग गरे वापत सेवा शुल्क लिने गर्दछ । सडक वत्तिको शुल्क समेत स्थानीय निकायहरुवाट लिने गर्दछ । पालिकाले विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका बिद्युत लाईन प्रसारण कार्यको लागि लाग्ने सम्पूर्ण लागत प्राधिकरणले व्यहोर्नुपर्ने गरी योजना सञ्चालन गर्न पालिकाले पहल नगरी उपभोक्ता समिति मार्फत गरेको उचित देखिएन ।

क्र.सं.	भौ.नं.	उपभोक्ता समिति	भुक्तानी रकम
१	३५७-२०८२।३।२५	श्री बिद्युत पोल तार जडान मर्मत तथा बिस्तार उ.स.	३०००००
२	३५३-२०८२।३।२५	बिद्युत पोल बिस्तार उ.स. वडा न.२	२०००००
३	३५२-२०८२।३।२५	बिद्युत तार पोल बिस्तार उ.स. वडा न.८	२४७१२५
४	२९५-२०८२।३।१९	बिद्युत पोल खरिद उ.स.	१७६०००
५	२७७-३।१६	बिद्युत पोल तार जडान बिस्तार तथा मर्मत उ.स.	४४३०००
६	२०१-२०८२।२।१८	बिद्युत तार पोल उ.स. वडा नं. ५ बिद्युत तार पोल खरिद	४७७५००
७	१९७-२०८२।२।१६	वडा नं. १ को बिभिन्न भागमा बिद्युत पोल खरिद तथा जडान उ.स.	२८००००

७३ **उपभोक्ता समितिको कार्य निर्माण ब्यवसायीवाट -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले डोजर तथा हेभि उकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्रयाक्टमा गराउँदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनुपर्दछ ।केहि उदाहरण-

क्र.सं.	भौ.नं.	उपभोक्ता समिति	उपभोक्ता समितिले पाउने कुल रकम	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम
१	१७२-२०८२।२।४	मेरिगोल्ड मार्ग निर्माण उ.स.	१००००००	एबिसि कन्क्रिट एण्ड कन्स्ट्रक्सन प्रा.लि.	७६५२३६
२	३५-२०८१।१०।२२	हर्कवोटे तथा टंकमाया वाटो स्तरोन्नती उ.स.	२०००००	एलेक्स कन्स्ट्रक्सन प्रा.ली सववेस तथा ग्राभेल कार्य	२१०१०५

७४ **स्वीकृत दरभन्दा वढि भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुंगा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाईप, जी.आई. पाईप, डी.आई पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि.आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ।निर्माण कार्यको आईटम दर बिश्लेषण नर्म्स अनुसार जिल्ला दररेटको आधारमा दर निर्धारण गरी भुक्तानी गर्नुपर्दछ। झापा जिल्ला स्वीकृत दररेटमा माटो कटिङ प्रति घनमिटर रु. ७०।- रहेकोमा देहायवमोजिमको योजनामा प्रति घनमिटर रु. ११५।-का दरले मूल्याङ्कन गरी भुक्तानी गरेको पाईयो। स्वीकृत दरभन्दा फरक दर कायम गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

उपभोक्ता समिति	योजनाको नाम	कार्य परिमाण	भुक्तानी दर	स्वीकृत दर	वढि दर	वढि रकम रु.	उपभोक्ता अंश पछि वढि रु
चन्द्र रम्तेलको घर पूर्व बाँधे खोला तटवन्धन	चन्द्र रम्तेलको घर पूर्व बाँधे खोला तटवन्धन निर्माण	७४१	११५	७०	४५	३३३४५	३१६७७
ढुङ्गे खोला सरसफाई उपभोक्ता समिति	ढुङ्गे खोला सरसफाई	९११	११५	७०	४५	४०९९५	३८९४५
संकाहा खोला नदि नियन्त्रण उ.स.	संकाहा खोला नदि नियन्त्रण	१०३५	११५	७०	४५	४६५७५	४४२४६
सुरुङ्गा खोला कटान नदि नियन्त्रण उ.स.	नदि नियन्त्रण	३०१	११५	७०	४५	१३५४५	१२८६७
सुरुङ्गा खोला तटवन्धन उ.स	सुरुङ्गा खोला तटवन्धन	५३१	११५	७०	४५	२३८९५	२२७००
						जम्मा	१५०४३५

अनियमित भएको	१,५०,४३५

७५ **कृषि र पशुपालन उद्यमशिलता विकास कार्यक्रम -**

कन्काई नगरपालिका र हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८३ असार १६ सम्म कार्यान्वयन अवधि रहेको "कृषि र पशुपालन उद्यमशिलता विकास कार्यक्रम" सञ्चालन गर्न कुल बजेट रु. ३,४०,५८,३२१ । को ७० प्रतिशत रकम रु. २३८४०८२५। नगरपालिकाले बेहोर्ने गरी मिति २०८० माघ ९ मा गते सम्झौता गरेको पाइयो।

परियोजनाको व्यवस्थापन नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था मार्फत सम्पादित कामको गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो परियोजनाका नाममा २०८१/८२ मा रु. उपभोक्ता लागत साझेदारी समेत रु. ५५९५९५३।- खर्च लेखेको छ । परियोजनाको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य सञ्चालन गरेको विधि र प्रकृया स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र परियोजनामा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

७५.१ नगरपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा नगरपालिका आफैले सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहीपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम सञ्चालनसँग सम्बन्धित रहेको र सञ्चालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । नगरपालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि पालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मूल्यांकन समेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन ।यो वर्ष नगरपालिकाले उद्यमशीलता परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु.४६,४२,९७०। र कृषकको साझेदारी ९५२९८३।– समेत रु. ५५९५९५३।- भुक्तानी गरेको छ। भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित कार्यक्रम भन्दा सञ्चालन लागत बढी हुने गरी यस्ता परियोजनामा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता परियोजना सञ्चालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

७५.२ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम सञ्चालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । नगरपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र सञ्चालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था प्रगतिशिल युवा समाज मार्फत गराएको छ । पहिलो पक्ष नगरपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

७५.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ अनुसार पालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि नगरपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको नगरपालिकाले रु. ४६,४२,९७०। र कृषकको साझेदारी ९५२९८३।– समेत रु. ५५९५९५३।- भुक्तानी गरेको छ। मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा खरिद तथा वितरण भएका जिन्सी सामाग्रीको दाखिला सहित खरिद कार्य मितव्ययी र नियमित रहेको सुनिश्चितता हुनुपर्दछ ।

७५.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन नगरपालिका आफैले गर्नुपर्नेमा मानव तथा राष्ट्रिय विकास समाज नेपाल संस्था हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । पालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य पालिका आफैले गर्न सक्ने नसक्ने विश्लेषण गरेको पाइएन ।सो परियोजना सञ्चालन गर्न क्षमताको कमी भएको भए कानूनबमोजिम बाह्य पक्षबाट गराउँदा पालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा पालिकाको आधिकारिक संलग्नता नरहनाले

परियोजनाकालाभग्राहीलाई धान, गहुँको विउ, वीउ वोका, गड्यौला उत्पादन प्लान्ट निर्माण , फलामे तथा प्लाष्टिक टनेल लगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक पालिका नभई गैरसरकारी संस्था हेफर रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा पालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा पालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम सञ्चालनका विधि कानूनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वियन गर्ने व्यवस्था गर्नुपर्दछ ।

७५.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५० मा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत "कृषि र पशुपालन उद्यशिलता विकास कार्यक्रम" कार्यान्वयनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल वार्षिक रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की रु. २०,००,०००।- उपलब्ध गराइ पेश्की फस्यौर्ट गरेकोमा पेश्कीको मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने व्यहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानूनबमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानूनबमोजिम पेश्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा पालिकाले दिएको पेश्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ।

७५.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रगति फर्म मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ त्यस्तै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० अनुसार कुनै कारोबारमा सत्ता हुन भने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष हेफर प्रोजेक्टलाई रु ५५,९५,९५३।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानीय साझेदार अभियान नेपाल मार्फत कार्यक्रम कार्यान्वियन गरेकोमा हेफर नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक या कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिजक माग नै नगरि कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अतः कानून अनुसार बिल जारी नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ ।

७६ **आन्तरिक आय-**

पालिकाले सुत्र अन्तर्गतको राजस्व व्यवस्थापन प्रणालीलाई प्रयोग मार्फत आन्तरिक आयको व्यवस्थापन गर्दै आएकोमा उक्त प्रणालीबाट जारी देहायबमोजिमको वडाहरुले सिर्जित गरेको रसिद , दाखिला फाराम तथा विनियोजन तर्फको म.ले.फा.न २७० को अनुसुची ४ राजस्व संकलन गर्ने कार्यालय अनुसारको विवरणविच फरक फरक व्यहोरा देखिएको हुँदा पालिकाले पेश गरेको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाको आन्तरिक आम्दानी व्यवस्थित हुने गरी अभिलेख राख्नुपर्छ ।

पालिका तथा वडा नं	सिस्टमबाट सिर्जित रसिद संख्या १०१	सिस्टमा देखिएको रसिद अनुसारको असुल रकम user	सिस्टमा देखिएको दाखिला फाराम अनुसारको रकम १०३	विनियजन तर्फको म. ले . फा . नं २७० अनुसुची ४ अनुसारको रकम	कैफियत
पालिका केन्द्र	९६	२०२०१४७७.५९	२२३४८६९०.७५	२, ११ , १७ , ६९५.४९	
वडा नं.१	१३	३०६३४८५	३९२५१००.०१	३७, ३४ , ५४०.०१	
वडा नं.२	१२	२७२२८५१.२९	२७२२८५१.२९	२७, २२ , ८५१.२९	
वडा नं.३	३२	१३१९३१९५.५६	१३१९३१९५.५६	१, ३१ , ९३ , १९५.५६	
वडा नं.४	१३	१९६९४६४	१९६९४६४	१९, ६९ , ४६४.००	
वडा नं.५	१२	२८२६३६४.६७	२८२६३६४.६७	२८, २६ , ३६४.६७	
वडा नं.६	१३	१६२१६८२.४६	१६२१६८२.४६	१६, २१ , ६८२.४६	
वडा नं.७	१७	२६९८२२२१.८१	२५१९९२३.९९	२५, २१ , ९२३.९९	१ थान कारोबार संकेत नं. १९५१२११२१६ को रु.१ , ७६ , २९८.८२ भौचर रद्ध
वडा नं.८	२९	२३४१५६६.०४	२३४४३४०.३३	२३, ४४ , ३४०.३३	
वडा नं.९	१३	१९०२४०५.८७	१९०५४०५.८७	१९, ०५ , ४०५.८७	
कुल जम्मा	२५०	५२५४०७१५.२९	५५३७९०१८.९३	५, ३९ , ५७ , ४६३.६७	

७७ **कम्प्युटर लेखा प्रणाली -**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न साङ्ग्रिला सफल्टवेयर तथा सुत्रको राजस्व मोडेल सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.५ करोड ४८ लाख ७६ हजार १८४ आन्तरिक आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।पालिकाले राजस्व संकलनको लागि IPT sub tech को सफ्टवेयर प्रयोगमा ल्याएको जनाएको छ ।पालिकाले पेश गरेको पालिकाले पेश गरेको आन्तरिक आय खाताको बैंक स्टेटमेन्ट अनुसार रु.५६११८६७४.६७ , सुत्र प्रणाली अनुसार रु.५,३९,५७,४६३.६७ र I.P.T. अनुसार रु.५,४८,७६,१८४.०६ राजस्व संकलन

भएको देखाएकोले कैफियत वमोजिम देहायको फरक परेको देखिएकोले राजस्व संकलनको यथार्थता यकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सुत्र प्रणालीको प्रयोग गरि राजस्व संकलन र दाखिलालाई व्यवस्थित बनाउँनु पर्दछ ।

विवरण	IPT मार्फत संकलन	सुत्रमा प्रबिष्ट रकम	फरक
		User Wise Collection अनुसार	
पालिका केन्द्र	१९२८९१८६.५७	१९५३८६९७.५२	२४९५१०.९५
वडा नं.१	४६०१४२४.७९	३०६३४८५	-१५३७९३९.७९
वडा नं.२	२७२२८४५	२७२२८५१.२९	६.२९
वडा नं.३	१३१९३१९५.५६	१३१९३१९५.५६	६
वडा नं.४	१९६९४६०.९१	१९६९४६४	३.०९
वडा नं.५	२८२६३६४.६७	२८२६३६४.६७	०
वडा नं.६	१६२२२३०.२१	१६२१६८२.४६	-५४७.७५
वडा नं.७	२५३६९२२.५८	२५२१९२३.९९	-१४४९९.५९
वडा नं.८	४०१८०७२.२२	२३४४३४०.३३	-१६७३७३१.८९
वडा नं.९	२०९६४७५.५५	१९०५४०५.८७	-१९१०६९.६८
कुल जम्मा	५४८७६१८४.०६	५१५२९६०४.९४	३३४६५७९.१२

७८ **कोषहरूको अभिलेख-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा रहेका कोष तथा साविक पालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेकको छैन। पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ।

७९ **मू.अ.कर दाखिला** –

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गरी त्यस्तो कर राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको आय ठेक्काको मू.अ.कर रकम मू.अ.कर शीर्षक नं.३३३१७(बेदर्ता शीर्षक) मा दाखिला गरको भएता पनि निर्माण व्यवसायीले आफ्नै निर्माण भ्याट नं. उल्लेख गरी दाखिला गरेको देखिएकोले निर्माण व्यवसायीले उक्त मू.अ.कर दाबि नगरको सूनिश्वित हुनुपर्दछ ।

आय ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक (मू.अ.कर सहित)	मू.अ.कर रकम	निर्माण व्यवसायीको प्यान नं.	कैफियत
सुरुङ्गा बजार सम्पुर्ण क्षेत्र (पशु बजार समेत) KANAKAI /IR/ २०८१ / ८२ - ०१	गैडै निर्माण सेवा कनकाई न.पा. ०३ झापा	२०११११११	२३१३६६.७५	६०४०३९२०२	ठेक्का नं.०१ र ०२ को एकमुष्ठ भौचर नं. ६६८९७९३८ बाट रु.३२४७६० दाखिला गरेको ।
कनकाई नगर क्षेत्रभित्र कवाडी जडिबुडी र जिवजन्तुको उपयोग कर संकलन समेत KANAKAI /IR/ २०८१ / ८२ - ०२	गैडै निर्माण सेवा कनकाई न.पा. ०३ झापा	८११७७५	९३३९०.०४	६०४०३९२०२	
घैलाडुब्बा बजार सम्पुर्ण क्षेत्र (पशु बजार समेत) KANAKAI /IR/ २०८१ / ८२ - ०३	ईभान्सी निर्माण सेवा कनकाई ०३ झापा	२३००००२	२६४६०२	६१६४७५४५४	भौचर नं. ६७०८२७६१। २०८१-०४-०८
दुर्गापुर बजार सम्पुर्ण क्षेत्र KANAKAI /IR/ २०८१ / ८२ - ०४	गजुरमुखी टिविएल निर्माण सेवा कनकाई ०७	१५०७०१	१७३५०	६००९७९१४८	६७०६५९३७। २०८१-०४-०८
बिरिङ नदि नदिजन्य पदार्थ संकलन तथा बिक्री KANAKAI /IR/ २०८१ / ८२ - ०६	झापाली ईन्टरनेशनल विल्डर्स बिर्तामोड झापा	२९९९९९९९.३६	३४५१३२८	६०३५०७११९	७१४३५३८२। २०८१-०७-०९ बाट रु.२०,००,००० ७७९५७६१६। २०८१-११-२२ बाट रु.११०६१९५ ८३९७९६६४। २०८२-०३-३० बाट रु.३४५१३३

८० मू.अ.कर शीर्षक -

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गरी त्यस्तो कर राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको आय ठेक्काको मू.अ.कर रकम मू.अ.कर शीर्षक नं.३३३१७(बेदर्ता शीर्षक) मा दाखिला नगरि ३३३१४ मा दाखिला गरकोले पालिकाको नामबाट राजस्व शीर्षक नं.३३३१७ मा मू.अ.कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

आय ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक (मू.अ.कर सहित)	मू.अ.कर रकम	निर्माण व्यवसायीको प्यान नं.	कैफियत
कनकाई नगरपालिका क्षेत्रभित्रको विज्ञापन KANAKAI /IR/ २०८१ / ८२ - ०५	नेपाल मिडिया टेक्नोलोजी प्रा लि ललितपुर	६२१०००	७१४४३	६०११२६७८३	भौ.नं.७१९९४६८४। २०८१-०७-२७ (शीर्षक ३३३१४ मा गरेको)

प्रमाण पेश नगरेको	७१,४४३

८१ नाफामूलक संस्थालाई अनुदानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई कार्यक्रम खर्च उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई कार्यालय व्यवस्थापन तथा मर्मत सम्भार कार्यका लागि रु.१५९००००.०० खर्च लेखी भुक्तानी गरेको देखियो । बजेटमा व्यवस्था गरी नाफामूलक संस्थालाई कार्यक्रम खर्च वापत भुक्तानी दिने कार्यमा नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

गो. भौ . नं ./ मिति	अनुदान लिने संस्थाको नाम	कामको विवरण	भुक्तानी रकम रु.
१११।२०८१।६।२१	कनकाई उद्योग वाणिज्य संघ	फिल्टर खरिद	१६००००.
३६६।२०८१।११।२६	निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपाल	विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाव	२०००००.
९३०।२०८२।३।१९	कनकाई उद्योग वाणिज्य संघ	एसी ९ सेट खरिद	१००००००.
६५८।०८२।२।१९	प्रजापती कृषि सहकारी	कोल्ड स्टोर व्यवस्थापन	१०००००.
६५८।०८२।२।१९	प्रगतिपथ कृषि सहकारी संस्था लिमिटेड	बरण्डा निर्माण	१३००००.
जम्मा			१५९००००

८२ मिनहा-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षता पाँच सदस्यिय समिति रहने, समितिले प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई सम्बन्धित केन्द्रीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । कार्यालयले जेन्जी आन्दोलनबाट नष्ट भएको भौतिक क्षतिको प्रहरी मुचुल्का पेश गरेता पनि मिनाहाको लागि प्रक्रिया गरेको देखिएन् । कानून वमोजिम मिनहाको प्रक्रिया अघि बढाउँनु पर्दछ ।

८३ पारिश्रमिक आय कर

आयकर ऐन २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका निम्नानुसारका कर्मचारीले पाएको सुविधा प्रोत्सहान भत्ता चाडपर्व खर्च पोसाक भत्ता लगागतको कूल आयमा निम्नानुसार कर रकम रु. कट्टा गर्नुपर्नेमा कर कट्टा गर्न छुट भएको रु.१७५२८ असुल गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु.,

सि.नं.	कर्मचारीको पद र नाम	कूल आय रु.	कट्टा गर्न पाउने रकम रु.	करयोग्य आय रु	लाग्ने कर रकम रु.	कट्टा गरेको रकम रु .	कर दाखिला गर्नुपर्ने रकम रु .
१	राकेश सिह ठकुरी	१००९९९९	१७४९९८	८३५००१	३२००२	१५७४७	१७५२८
जम्मा							१७५२८

असुल गर्नुपर्ने	१७,५२८

८४ पञ्चायत मार्ग -

ठेक्का नं ४-२०८०।८१ पञ्चायत मार्ग कालोपत्रे गर्ने कार्यको लागी कृष्ण निर्माण सेवासंग म्याद थप समेत २०८१ असोज ३० भित्र सम्पन्न गर्ने गरी २०८० चैत्र २७ मा रु. १,२३,७९,४३९।०३ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा २०८१असोज २३ मा कार्यसम्पन्न भएको कार्यस्वीकार प्रतिवेदनमा उल्लेख छ। यस निर्माण कार्यका सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्-

८४.१ **ठेक्का ब्यवस्थापन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ। लागत अनुमानमा २ वक्स कर्भर्ट ,ड्रेन ,वाटोको प्रोटेक्सन ,अस्फाल्ट कन्क्रिट गर्ने वाटोको लम्वाई २६ डिग्रि ३८ मिनेट ३७ सें उत्तर , ८७ डिग्री ५४मिनेट १६से. पूर्व देखि २२६.५ मिटर उत्तर र २६ डिग्रि ३९ मिनेट ३० सें उत्तर , ८७ डिग्री ५६मिनेट ११से पूर्व देखि पूर्व १३३ मिटर ७ मिटर चौडाईमा कालोपत्रे गर्ने गरी लागत अनुमान तयार गरी सो अनुसार सम्झौता भएकोमा २६ डिग्रि ३८ मिनेट ३७ सें उत्तर , ८७ डिग्री ५४मिनेट १६से. देखि उत्तरतिरको खण्डमा चेनेज १६८.९ देखि २०५.९ सम्म ३७ मिटर टिकादेवि दाहालले जिल्ला अदालत झापामा दिएको मुद्धामा साविक सुरुङ्गा गा.वि.स. वडा नं. २ कित्ता नं. ४१९६ क्षेत्रफल ०-०-१.७५ र कित्ता नं. ४१९९ ०-०- १०-७५ निवेदकको नम्वरी जग्गामा पर्ने गरी वाटो वनाउने कार्य नगर्नु भनि जिल्ला अदालत झापाले २०८१।१०। २३ मा निषेधाज्ञाको आदेश जारी गरी फैसला भएको मिति २०८२ श्रावण १ को जिल्ला अदालत झापाको कन्काई नगरपालिकाको नाममा जारी सुचनामा उल्लेख छ। सो स्थानमा सववेसको कार्य २५.९ घनमिटर दर ११००।- प्रिपेरेशन अफ सव ग्रेडिङको कार्य ४१.६३ दर रु. १००।– खर्च भएको छ। लागत अनुमानमा चेनेज २२६.५ सम्म कार्य गर्ने उल्लेख भएकोमा उक्त स्थानमा काम नभएकोले चेनेज २२६.५ देखि २४५.६ सम्म अस्फाल्ट को कार्य गरेको पाईयो। स्थान परिवर्तन नहुने गरी निर्माण स्थल यकिन भएपछि मात्र ठेक्का ब्यवस्थापन गर्नुपर्दछ।

८४.२ **वढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था छ। पालिकाले आईटम नं. २ Construction of Embankment कार्यको नापी कितावमा ९९.७५ घनमिटर कार्य भएको उल्लेख भएकोमा ठेक्का विलमा १२० घनमिटरको सम्झौता दर रु. ५०० ले भुक्तानी दिएको पाईयो। वास्तबिक भएको कार्य भन्दा वढि २०.२५ को रु. ५००।– को दरले हुने रु. १०,१२५।– मा मु.अ.कर समेत रु ११. ४४१।- वढि भुक्तानी भएको रकम निर्माण ब्यवसायीवाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	११,४४१

८५ **जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटोमा पूर्वाधार निर्माण-**

जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटोमा पूर्वाधार निर्माण (बिशेष अनुदान) बहुबर्षिय कार्यको लागि लागत अनुमान लागत अनुमान रु.३ करोड २६ लाख १० हजार रहेको निर्माण कार्यको ठेक्का नं. KANAKAI/NCB/Works /०३/८१-८२ मार्फत बोलपत्र आव्हान गरेकोमा न्यूनतम रु.२ करोड ८३ लाख ८५ हजार ८८२ कबोल गर्ने युनिक कन्स्ट्रक्सनसँग दोस्रो पटक मिति २०८२-०८-२९ सम्म कार्यसम्पन्न गर्ने गरी मिति २०८१-१२-०८ मा सम्झौता भएकोमा भौतिक प्रगती ३२% प्रतिशत सहित यो बर्ष प्रथम रनिङ्ग बिलको रु.९०८५३११ भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन -

८५.१ **पेश्की कट्टा** –

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३,६३४,१२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८५.२ **मू.अ.कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।निर्माण व्यवसायी युनिक कन्स्ट्रक्सनको बिजक नं. २६।२०८२-०३-२४ बाट प्रथम रनिङ्ग बिलको भ्याट बिजकको जोड जम्मा नमिलेको हुँदा मू.अ.कर रु.१०१९३६० को ७० प्रतिशत मू.अ.कर. रु.७१३५५२ को समायोजन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७,१३,५५२

८६ **ठेक्का नं. KANAKAI/NCB/Works /०१/८१-८२ (प्रदेश समपुरक अनुदान)-**

लक्ष्मी मार्ग कालोपत्रे निर्माण कार्यको रु.१ करोड ९४ लाख ४८ हजार रहेकोमा न्यूनतम रु.१ करोड ३२ लाख ७६ हजार कबोल गर्ने श्री निल गणेश कन्स्ट्रक्सन सेवासँग मिति २०८२-०१-१५ मा कार्यसम्पन्न गर्ने गरी २०८१-१०-०८ सम्झौता भएकोमा कार्यसम्पन्न पश्चात रु.१ करोड ३३ लाख ४२ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

भेरियसन आदेश - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । लक्ष्मी मार्ग कालोपत्रे निर्माण कार्यको ०.७६ प्रतिशतले भेरियसन गरि ह्युम पाईप, पल्म्ब कंक्रिट लगायतको कार्यको संशोधित सम्झौता रकम रु.१ करोड ३३ लाख ७८ हजार कायम गरि थप रु.१ लाख १ हजार ९६३ को कार्य गरेको छ । पूर्वानुमान गर्न सक्ने कार्यमा भेरियसन आदेश जारी भएको मनासिब देखिएन ।

८७ **प्रदेश समपुरक अनुदान-**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश, विराटनगरबाट आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यान्वयनको सम्वन्धमा मिति २०८१।४।१ मा भएको परिपत्रको खण्ड (ग) बजेट निकासा तथा बजेट कार्यान्वियन को बुँदा नं. ३२ मा कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा ९ बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुनेगरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का वन्दोवस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाईने उल्लेख छ। पालिकाले यस वर्ष प्रदेश समपुरक अनुदान प्राप्त लक्ष्मी मार्ग कालोपत्रेकार्यको बचतबाट पून ठेक्का नं. KANAKAI/NCB/Works /०८/८१-८२ लक्ष्मी मार्ग कालोपत्रे निरन्तरता कार्यको लागि लागत अनुमान रु.६१ लाख ७९ हजार कायम गरी पून बोलपत्र आव्हान गरी न्यूनतम कबोल रु.६१ लाख ५९ हजार ६१२ गर्ने आयु निर्माण सेवासँग मिति २०८२-०२-११ मा सम्झौता गरि म्याद थप समेत मिति २०८२-०६-३० मा कार्यसम्पन्न पश्चात प्रदेश पूँजीगतको गो.भौ.नं.३६।२०८२-०३-२४ बाट रु.२७,८९,५९७ र गो.भौ.नं.२।२०८२-०८-०५ बाट अन्तिम रनिङ्ग बिलको रु.३२,५४,२९५ समेत रु.६०,४३,८९३ भुक्तानी दिएको छ । पालिकाले बहुबर्षिय योजना स्विकृत गरेको अवस्थामा पूनःसोहि खण्डमा बोलपत्र आव्हान गरी थप कार्य गरेको जनाएको छ ।

८८ **नाफामुलक संस्थालाई अनुदान** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ७६ मा वितरणमुखि खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारवाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । अनुदान उपलव्ध गराउदा सार्वजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनुपर्दछ । उपरोक्तानुसारको सेवा प्रवाह हुने सुनिश्चित नभएको अवस्थामा पालिकाले निम्न नाफामूलक संस्थालाई अनुदान उपलव्ध गराएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

गो.भौ.नं.।मिति	संस्थाको नाम	कार्य	भुक्तानी रकम
५३-२०८१।११।६	प्रगतीपथ कृषि सहकारी	भवन मर्मत कार्य	६५००००

८९ **मेयर सँग बालबालिका कार्यक्रमः** (१११०-2081-06-11):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले मेयर सँग बालबालिका कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने कार्यका रु. २४८९६७ भुक्तानी गर्ने गरी नेपाल फेडेरल मिडिया सँग भिडियो उत्पादन गरी सो भिडियो एभिन्युज टेलिभिजनबाट प्रशारण गर्ने सम्झौता भएकोमा एभिन्युज टेलिभिजनबाट उक्त कार्यक्रम प्रसारण भएको भिडियो लिंक सहितको प्रसारण प्रमाण पत्र संलग्न गरेको देखिएन । सम्झौता अनुसार एभिन्युज टेलिभिजनबाट उक्त कार्यक्रम प्रसारण भएको भिडियो लिंक सहितको प्रसारण प्रमाण पत्र लगायतको प्रमाण पेश गर्नुपर्ने रु.,

प्रमाण पेश नगरेको	२,४८,९६७

९० **खेलकुद एम्बास्डरः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले खेलकुद एम्बास्डर सन्त बहादुर रायमाझीलाई पुरुष तथा महिला फुटबल खेलाडीलाई प्रशिक्षण कार्य गरे वापत मासिक क रु १६६६७ को दरले रु. २०००००.०० भुक्तानी गर्दा निजसँग दैनिक, साप्ताहिक तथा मासिक रुपमा कति समय प्रशिक्षण गर्नुपर्ने हो सो उल्लेख गरी सम्झौता गरेको देखिएन ।पालिकाले निजले प्रशिक्षण गरेको देखिने हाजिरी लगायतको अद्यावधिक अभिलेख नराखेकोले निजले गरेको कार्य स्पष्ट हुने आधार प्रमाण देखिएन । कानून बमोजिम कार्यविवरण स्पष्ट हुने सम्झौता गरी सो बमोजिम आवश्यक प्रमाण संलग्न गरी भुक्तानी गर्नुपर्नेमा त्यसो नगरी सोझै भुक्तानी दिने कार्य नियम सम्मत नदेखिएको रु.,

अनियमित भएको	२,००,०००

९१ **आदर्श सामुदायिक क्याम्पसः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक विद्यालय तहसम्म तलव तथा अन्य विद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। तर यस नगरपालिकाले यस वर्ष पालिकामा सञ्चालित आदर्श सामुदायिक क्याम्पसलाई समानिकरण अनुदानबाट भौतिक निर्माण प्रयोजनको लागि रु. ३७८४४९.०० अनुदान दिएको पाइयो। यसरी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट समेत अनुदान पाउने अवस्थामा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई भौतिक निर्माण गर्ने कार्यमा रकम विनियोजन गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९२ **बरण्डा निर्माणः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले प्रगतिपथ कृषि सहकारीलाई बरणडा निर्माण को रकम रु. १३०००० भुक्तानी गरेको फाँटवारीमा रहेको कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको अंश कटाएर रु.११७३३६ मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ । विल भरपाई भन्दा बढी भुक्तानी गरेको रकम रु. १२६६४ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.,

असुल गर्नुपर्ने	१२,६६४

९३ **शिक्षातर्फ-**

९३.१ **शिक्षक विद्यार्थी अनुपात** –-शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। साथै अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा वडातर्फ १० जना शिक्षक करारमा नियुक्त गरी यो वर्ष संघीय सरकारको समानीकरण स्रोतबाट शिक्षकको पारिश्रमिकमा रु.३०१३७८० तलब भत्ता वापत भुक्तानी

गरेको छ । कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ ।

क्र स	विद्यालयको नाम	करार शिक्षक संख्या	स्थायी शिक्षक संख्या	न.पा.वडा अनुदान	जम्मा शिक्षक	जम्मा विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	सरस्वती माध्यमिक विद्यालय	४	११	०	१५	२९३	१९.५३
२	कन्काई माध्यमिक विद्यालय	९	३५	०	४४	२१८७	४९.७
३	चम्पापुर माध्यमिक विद्यालय		१४	१	१५	३४९	२३.२७
४	भृकुटी माध्यमिक विद्यालय	३	१९	१	२३	७२१	३१.३५
५	आदर्श विद्या मन्दिर माध्यमिक वि.	२	२०	०	२२	५४८	२४.९१
६	सिंहदेवी माध्यमिक विद्यालय	२	९	१	१२	४३७	३६.४२
७	हिमालि माध्यमिक विद्यालय	६	९	१	१६	४४६	२७.८८
८	जानकी आधारभूत विद्यालय		८	०	८	१४७	१८.३८
९	जनचेतना आधारभूत विद्यालय	१	५	०	६	१३२	२२.
१०	भगवती आधारभूत विद्यालय	२	५	१	८	२५३	३१.६३
११	पशुपति आधारभूत विद्यालय	१	२	१	४	७१	१७.७५
१२	पंचकन्या आधारभूत विद्यालय	१	१	१	३	४४	१४.६७
१३	कन्काई गायत्रि आधारभूत विद्यालय	२	३	२	७	२१०	३०.
१४	देवकोटा आधारभूत विद्यालय		५	१	६	७४	१२.३३
		३३	१४६	१०	१८९	५९१२	३१.२८

९३.२ **प्रति विद्यार्थी लागत -** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका १४ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

क्र स	विद्यालयको नाम	जम्मा निकासा	जम्मा विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
१	सरस्वती माध्यमिक विद्यालय	११४३३९५४	२९३	३९०२४
२	कन्काई माध्यमिक विद्यालय	५०४७४५००	२१८७	२३०७९
३	चम्पापुर माध्यमिक विद्यालय	११५३५८६०	३४९	३३०५४
४	भृकुटी माध्यमिक विद्यालय	१९३२२०४२	७२१	२६७९९
५	आदर्श विद्या मन्दिर माध्यमिक वि.	२५२५११६१८	५४८	४६०८०
६	सिंहदेवी माध्यमिक विद्यालय	१०३६५६०५	४३७	२३७२०
७	हिमालि माध्यमिक विद्यालय	१५९६५७४७	४४६	३५७९८
८	जानकी आधारभूत विद्यालय	५८३६०४४.४	१४७	३९७०१
९	जनचेतना आधारभूत विद्यालय	५०२२५४४.४	१३२	३८०५०
१०	भगवती आधारभूत विद्यालय	५७४९३०७.६	२५३	२२७२५
११	पशुपति आधारभूत विद्यालय	२४७२९८५.२	७१	३४८३१
१२	पंचकन्या आधारभूत विद्यालय	१९१३१३१	४४	४३४८०
१३	कन्काई गायत्रि आधारभूत विद्यालय	४४०९६३५.८	२१०	२०९९८
१४	देवकोटा आधारभूत विद्यालय	३६५६१३३	७४	४९४०७

उल्लिखित विवरण अनुसार देवकोटा आधारभूत विद्यालयमा सबैभन्दा बढी ४९४०७ र कन्काई गायत्रि आधारभूत विद्यालयमा सबैभन्दा कम रु.२०९९८ रहेको देखियो । धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वयन गर्नुपर्दछ।

९३.३ **आवासिय छात्रवृत्ति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) कार्यक्रमको लागि कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१ बमोजिम श्री कन्काई मा.वि.लाई रु.२३,३०,००० र हिमाली माध्यमिक विद्यालयलाई रु.७,००,००० समेत गो.भौ.नं.१४३।२०८२-०१-३१ बाट निकासा दिएको र गो.भौ.नं. ४८।२०८१-०७-२१ बाट कन्काई मा.वि.लाई रु.६,००,००० र हिमाली मा.वि.लाई रु.३,००,००० निकासा दिएको छ । वडा कार्यालयबाट अपाङ्गता प्रमाणितको सिफारिस भएको आधारमा प्रति विद्यार्थी रु.५००० को दरले १० महिनाको निकासा गर्नुपर्ने व्यवस्था वमोजिम सो अनुसार सिफारिस पेश भएको देखिएन ।

कन्काई मा.वि.लाई २९ जना विद्यार्थीको विद्यालय बाहिर कोठा भाडामा लिई बसेको घर धनि सँगको सम्झौताको आधारमा प्रति विद्यार्थी रु.५०००० को दरले रु.१४,५०,००० निकासा दिएकोमा घर धनिसँग भएको सम्झौताको आधारमा मासिक भाडा रु.१०५० को दरले १० महिनाको रु.१०,५०० र खानावापत मासिक रु.३४५० को दरले दश महिनाको रु.३४,५०० समेत रु.५०,००० दिने सम्झौता पेश भएकोमा उक्त सम्झौता अनुसार विद्यार्थीले बसोबास गरेको र खाना खाएको सूनिश्चितता हुनुपर्दछ ।

९३.४ **कनकाई पोलिटेक्निक इष्टिच्युट**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले कनकाई पोलिटेक्निक इन्ष्टिच्युट

सञ्चालन व्यवस्थापन विनियमावली,२०७९ अनुसार CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान कार्यक्रम अन्तर्गतको लागि गो.भौ.नं.१८४।२०८२-०३-०८ (सशर्तबाट) कनकाई पोलिटेक्निक इष्टिच्युटलाई रु.७,००,००० र पालिकाको गो.भौ.नं.६९०।२०८२-०२-२६ बाट रु.१५,००,००० समेत रु.२२,००,००० भुक्तानी दिएको छ । यसरी संस्था सञ्चालन तथा व्यवस्थापनको लागि अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९३.५ **नमुना विद्यालय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि कनकाई मा.वि.लाई गो.भौ.नं.१६०।२०८२-०२-२० बाट रु.४५,००,००० निकासा दिएकोमा सो खर्चलाई पूष्ट्याई गर्ने खर्चको तेरिज विद्यालयले पेश गरेको देखिएन । कार्यक्रम कार्यान्वियन कार्यविधि ,२०८१ अनुसार विद्यालयले गुरु योजनाको आधारमा खर्च लेख्नु पर्ने उल्लेख भएकोमा विद्यालयले मिति २०८१-०४-१६ मा पालिकामा प्रस्ताव पेश गरि स्विकृत गराएको देखियो । स्विकृत प्रस्तावना र गुरुयोजना अनुसार खर्च गर्नुपर्नेमा विद्यालयले पेश गरेको गुरुयोजना २०८०।८१ देखि २०८४।८५ मिति २०८०-०४-०५ मा पालिकाको शिक्षा शाखाबाट स्विकृत भएको अवस्थामा प्रस्तावना र गुरुयोजना बिच तादम्यता भए नभएको यकिन गर्न सकिएन ।स्विकृत गुरुयोजना अनुसार खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

९३.६ **ल्याब सामाग्री खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले आदर्श विद्या मन्दिरलाई कार्याक्रम कार्यान्वियन कार्यविधि २०८१ अनुसार ल्याब सामाग्री खरिद सहयोगको लागि रु.२,००,००० निकासा दिएकोमा आदर्श विद्या मन्दिरले interactive smart board र OPS खरिदमा ल्याब समाग्री व्यवस्थापनमा कार्यविधि विपरित अन्य प्रयोजनमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,००,०००

९३.७ **सेनिटरी प्याड खरिद**- सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १८२० जना रहेका छन।कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि ३६४०० प्याकेट प्याड खरिद गर्नुपर्नेमा सोहि अनुसार प्याकेट प्याड खरिद गरेको छ । बोलपत्र बाट खरिद गरी गो.भौ.नं.१७३।२०८२-०३-०५ बाट एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ्ग प्रा.लि. लाई ३६४०० प्याकेट प्रति प्याकेट रु.४२.९४(मू.अ.कर समेत) दरले रु.१५६३०१५ मू.अ.कर सहित) मा खरिद गरेकोमा एकमुष्ठ ११ विद्यालयमा वितरण गरेको छ । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

९३.८ **वालविकास सहजकर्ता** - कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा विद्यार्थी संख्या र वालविकास सहजकर्ता अनुपात नमिलाई वाल विकास सहजकर्ता कार्यरतका आधारमा

पारिश्रमिक संघ सशर्तबाट रु १००००।- र पालिकाबाट रु.७०००।- समेत रु.१७०००।- दरले वढी कार्यरत २ जनाको रु. ४,६२,००० (चाडपर्व खर्च र पोशाक भत्ता समेत) भूक्तानी भएकोले नियमसम्मत नदेखिएको रु

विद्यालयको नाम	जम्मा विद्यार्थी संख्या	राख्नु पर्ने संख्या	राखेको संख्या		जम्मा संख्या	बढी संख्या
			सशर्त अनुदान संख्या	पालिका अनुदान संख्या		
जनचेतना आधारभुत विद्यालय	१९	०.७६	२	०	२	१
पञ्चकन्या आधारभुत विद्यालय	१६	०.६४	१	१	२	१

अनियमित भएको	४,६२,०००

९३.९ **आदर्श क्याम्पसलाई अनुदान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन । अनुदान उपयोग सम्बन्धी कानुनी व्यवस्थाका नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सर्वैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो नगरि आदर्श क्याम्पसलाई सञ्चालन अनुदान वापत रु.३,००,००० नदेखिएकोले नियमित नदेखिएको रु

अनियमित भएको	३,००,०००

९४ **जैविक तथा आई. पि. एम. खेती प्रवर्द्धन कार्यक्रम, कारितास नेपाल-**

कनकाई नगरपालिकाले कारितास नेपाल नामक गैरसरकारी संस्थासँग "जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रम" संचालन गर्न कुल लागत अनुमान रु. रु.२९,०५,००० मा नगरपालिका अनुदानबाट रु.१४,००,००० तथा संस्थाको तर्फबाट रु.१५,०५,००० बेहोर्ने गरी सम्झौता गरेको देखियो । कार्यक्रमका नाममा यो वर्ष रु.११०९७९२ खर्च लेखेको छ । विकास कार्यक्रमको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र विकास कार्यक्रममा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

९४.१ **गैरसरकारी संस्था-** गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रमका लागि नगरपालिकाले अनुमानित लागत रु.१४,००,००० बेहोर्ने गरी लागत साझेदारीको नाममा कारितास नेपालसँग सम्झौता गरेको तथा कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

९४.२ **बिलविजक-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रगति फर्म मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ त्यस्तै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० अनुसार कुनै कारोबारमा सत्ता हुन भने

व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कारितास नेपाललाई रु. ११०९७९२ भुक्तानी गरेकोमा संस्थाले नियमानुसारको विजक या कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिजक माग नै नगरि कारोबार रकम भुक्तानी दिने गरेको देखियो। अतः कानून अनुसार बिल जारी नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन। यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ

९५ अस्पताल भवन निर्माण (ठेक्का नं. KANAKAI INCBIWORKS ।५।०७७।७८)

नगरपालिकाले रू.७,५६,४६,९४०।१४ लागत अनुमान रहेको १५ शैयाको अस्पताल निर्माण कार्य कार्यादेश भएको मिति (२०७८।९।३०) ले २४ महिना (२०८०।९।३०) भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कार्की बन्धु कन्सट्रक्सनसँग २०७८।६।२१ मा रु.५,६५,१९,५३८।८९ को खरिद सम्झौता गरेको छ । तेस्रो पटक २०८२।०४।२१ वसेको कार्यपालिकाको वैठकको निर्णयवाट २०८२।९।२९ सम्म म्याद थप भएको छ । उक्त कार्यमा यो बर्षसम्म ६ वटा रनिङ्ग विलवाट रू.३,९५,७५,३२०.६७ भुक्तानी भएकोमा सो मध्ये पालिकातर्फबाट रु.६९,४५,९३७.९९ भुक्तानी दिएको सो निर्माण कार्यको भौतिक प्रगती ७०.०२ प्रतिशत रहेको छ । सम्झौता बमोजिमको कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

९६ लागत अनुमानमा बढी व्ययभार –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुंगा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाईप, जी.आई. पाईप, डी.आई पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि.आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष पालिकाले कार्यान्वियन गरेको विभिन्न योजना मध्ये नमुना छनौटका आधारमा परीक्षण गर्दा लागत अनुमानमा गिट्टी ढुङ्गा तथा वालुवाको दर कायम गर्दा जिल्ला दररेटले तोकेको आधारमा नगरी क्वेरी साईटमा सङ्कलन गर्ने दर राखी मुल्य कायम गरेको देखियो। जिल्ला दररेट र सङ्कलन मुल्य विच देहाय बमोजिम फरक पर्न गै लागत अनुमानमा वृद्धि भएको देखिन्छ।देहायका योजनाको निर्माण कार्यमा जिल्ला दररेटमा सामाग्रिको मुल्य भएको अवस्थामा सङ्कलनवाट लागत अनुमान तयार गर्दा योजनामा लागत पर्ने गरी लागत अनुमान तयार गरको देखियो। यसरी खरिद नियमावलीमा भएको व्यवस्था भन्दा फरक तवरले लागत अनुमान तयार गरी सोही वमोजिम भुक्तानी गरेको देखिएकोले थप व्ययभार परेको रु.

क्रम संख्या	निर्माण कार्यको नाम	निर्माण व्यवसायीको नाम	कामको विवरण	जिल्ला दररेट अनुसार हुनुपर्ने दर	भएको दर	फरक दर	परीमाण (घन.मि.)	कबोल दर	घटी प्रतिशत	थप व्ययभार
१	जामुनवारी चोकवाट वनपथ हुदै बायोग्यास प्लान्ट सम्म जाने वाटोमा पूर्वाधार निर्माण	युनिक कन्स्ट्रक्सन	RCC Grade M२० (१ : १ . ५ : ३) Item no.५	९८५९.३१	१०४४६.१२	५८६.८१	११८.१	१३३००	१०.८७	६८१६००
			Plum Concrete M१५	७६२७.८	७९८०.८८	३५३.०८	३४४.५४ घन.मि.	७१२५	१०.८७	१०८४२६
			Sub-base	१०५७	१४६०.९१	४०३.९१	११४.६५	११४०	१०.८७	१३०७१२
२	लक्ष्मी मार्ग कालोपत्रे निर्माण	आयु श्री निर्माण सेवा	Sub-base	१०५७	१४६०.९१	४०३.९१	६५१.२	१७००	०.३३	४१८७२१`
३	लक्ष्मी मार्ग कालोपत्रे निर्माण	निल गणेश कन्स्ट्रक्सन	Sub-base	१०५७	१४६०.९१	४०३.९१	२०६६.४	८५०	३१.४१	९२५६५३
									जम्मा	२२६५११३

अनियमित भएको	२२,६५,११३

९७ **उपभोक्ता समिति मार्फत सीमा वढीको कार्य-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ। पालिकाले, ओभरहेड, कन्टिन्जेन्सी बाहेक रु.८०,००,००० लागत अनुमान भएको - जामुनबारी चोक दक्षिण पश्चिम जाने सडक स्तरउन्नति कार्य कनकाई-१, झापा निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरी रु.७९२८५१५ वमोजिम भुक्तानी दिएको देखियो। नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी ,मूल्य अभिवृद्धि कर र ओभरहेड समेत हिसाब गर्दा उक्त निर्माण कार्यको लागत अनुमान रु.१,०६,५६,४४४.६६ कायम हुने देखिएकोले उपभोक्ता समिति मार्फत गर्न मिल्ने देखिंदैन। खरिद नियमावलीले तोकेको सीमा भन्दा वढीको कार्य उपभोक्ता समिति मार्फत गराइ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७९,२८,५१५

९८ **सोझै खरिद -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार निर्माण कार्य सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता तथा भुक्तानी हुँदा पालिकाले प्रतिस्पर्धाको लाभ प्राप्त नहुने अबस्था रहने हुँदा सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नुहुदैन।

निर्माण व्यवसायीको नाम	निर्माण कार्य	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम
अमृता इन्जिनियर्स एण्ड विल्डर्स प्रा लि	वडा नं ७ को आधारभुत केन्द्र भवन मर्मत	२२९३३१	२२६०१८	२२६०१८
गैडे निर्माण सेवा	वडा नं ३ को वडा कार्यालय मर्मत	४०४८८१	३९७८२४	३९७८२४
अमृता इन्जिनियर्स एण्ड विल्डर्स प्रा लि	वडा नं ३ र ७ मा क्रिकेट पिच निर्माण	४२२२०२	४१८२७४	४१८२७४
			जम्मा	१०४२११६

९९ **उपभोक्ता समिति दर्ता -**

संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २१७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ९९६८४४९० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

१०० **त्रैमासिक वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ११ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.५,७०,१६,१८४ दोस्रो त्रैमासिकमा रु.५,८१,९४,०९४ तेस्रो त्रैमासिकमा रु.५,९६,२७,०९७ र चौथो त्रैमासिकमा रु.६,०५,०४,३४२ समेत रु.२३,५३,४१,७१७ निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

वडा न	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१	५७९७५१२	५९०४५१६	६१०९५७९	६३२४५३८	२४१३६१४५
२	६४२४८२१	६५०८९२२	६६७९३०३	६७१७५४५	२६३३०५९१
३	११८१३९०७	१२४५३५५७	१२७०६८७७	१२८२२९७५	४९७९७३१६
४	७७६१८५३	७९२५०७१	८१३०७३४	८२८४९२१	३२१०२५७९
५	७६६६१५४	७६९८३४८	७८३४३५५	७८८२०६७	३१०८०९२४
६	३५४०६९०	३५१६५४०	३५७०७४४	३६२५१४६	१४२५३१२०
७	४८१४२९३	४८७३७७७	४९६८८३५	५०२९३०३	१९६८६२०८
८	४८७४९६८	४९६४३८२	५१५१२३५	५२५५९२२	२०२४६५०७
९	४३२१९८६	४३४८९८१	४४४७४३५	४५६१९२५	१७६८०३२७
कुल जम्मा रकम	५७०१६१८४	५८१९४०९४	५९६२७०९७	६०५०४३४२	२३५३४१७१७

१०१ **लाभग्राहीः**

नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका

बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु संख्याभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु २०३ जनाले बढेको देखिन्छ। यस आर्थिक वर्षमा बैंक मार्फत रु.२३५३४१७१७ सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च लेखेको छ । गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छः

लक्षित समूह	आ. व. २०७९ /८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	आ. व. २०८०।८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	आ. व. २०८१।८२ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या	मासिक भत्ता दर रु.
ज्येष्ठ नागरिक	३४२०	३५८९	३७११	४०००
अन्य ज्येष्ठ नागरिक (दलित)	२१८	२१६	२१४	२६६०
ज्येष्ठ नागरिक (एकल महिला)	४३७	४०१	३४९	२६६०
विधवा	७९२	८४६	८८८	२६६०
पूर्ण अपाङ्ग क वर्ग	१८३	१८२	२११	३९९०
आंशिक अपांग ख वर्ग	२०३	२१९	२९१	२११८
दलित बालबालिका	३२१	३००	२९४	५३२
लोपोन्मुख जाति	८	९	७	३९९०
जम्मा	५५८२	५७६२	५९६५	

१०२ **पारदर्शिताः**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

१०३ **अनुगमन तथा निरीक्षणः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

१०४ **के.वाइ.सी. अद्यावधिक नभएकोः**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैँकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

१०५ **अनुदानको अनुगमन -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	विद्यालयलाई अनुदान	विद्यालयको संख्या	रकम रु.
१	पाठ्यपुस्तक अनुदान	१४	१६७२७५९९
२	छात्रवृति अनुदान	१४	५८४२००
३	दिवा खाजा	१४	५७८३६५
४	प्रति विद्यार्थी लागत	१४	७८१०६१५

१०६ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ-**

१०६.१ **सेवाप्रदायकको छनौटः** युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३३ र ३४ मा भएको व्यवस्था को आधारमा पाठ्यक्रम निर्धारण गरि, कार्यविधिको दफा ३५ को उपदफा २ बमोजिम नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट सेवा लिने गरी सेवाप्रदायकको छनौट गर्नुपर्ने उल्लेख छ । इलेक्ट्रिसियन र प्लम्बिङ्ग तालिम कार्यक्रमको लागि पालिकाले पाथिभरा प्रोफेशनल एजुकेशन प्रा.लि.लाई छनौट गरी रु.८३८७१६ भुक्तानी दिएकोमा सो को छनौट सम्बन्धि सम्पूर्ण कागजाँत जेन्जी आन्दोलनको कारण नोक्सान भएको कारण सो सम्बन्धमा यकिन गर्न सकिएन । साथै ठेक्का प्राप्त गरेको सेवाप्रदायकले आवश्यकता अनुसार तालिम सञ्चालन गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्छ ।

१०६.२ **तालिमवापतको भुक्तानीः** अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममै खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दफा २७(२) अनुसार रोजगारमा खटिए पश्चात प्रत्येक दिन काम सुरु हुँदाको समय र काम सकेपछि कार्यस्थलमा गरेको हाजिरीको आधारमा निजलाई दैनिक ज्याला दरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल अधिकतम ५० दिन सम्मको तालिम लिएका ४० जना श्रमिकहरुलाई तालिममा सहभागी ५० दिनको लागि प्रतिदिन रु.६६८ को दरले सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शको दफा ५ अनुसार तालिममा खटिए वापत सम्बन्धित लाभग्रीहीको खातामा हाजिरीको आधारमा भुक्तानी गर्नुपर्ने भनि

प्रावधानको आधारमा कुल रु.१३२९९८८ काममा खटिएको सरह मुल्यांकन गरी भुक्तानी दिएको छ ।तालिम प्राप्त पश्चात सोहि कार्यमा रोजगारदाताले कार्य गरेको सूनिश्चित हुनुपर्दछ ।

१०६.३ **निर्देशिकाको पालन**–प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा सुचिकृत श्रमिकलाई बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायको योजनाको भुक्तानी गर्दा सुचिकृत नभएको श्रमिकलाई काममा खटाई उपभोक्ता समितिको खातामा भुक्तानी गरेको देखियो । कार्यविधिमा भएको व्यवस्था विपरित सुचिकृत नभएको श्रमिकलाई काममा खटाई उपभोक्ता समितिको खातामा भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.	समिति । भुक्तानी प्राप्त गर्नेको नाम	भुक्तानी ज्याला	कैफियत
१४५। २०८२-०१-३१ (संघीय चालु)	युवा रोजगारको लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कन्काई नदि नियन्त्रण उ.स.	९७९९५६	श्रमिकको नाममा जम्मा भएको बैंक दाखिला प्रमाण नभएको ।
१५५। २०८२-०१-३१			
१७२। २०८२-०२-३१	सुदिक्षा निरौला	३५०४९	कामदारको बैंक खाता नखोलि वडा सचिवलाई भुक्तानी गरी वितरणको भरपाई संलग्न गरेको ।
५४।२०८१-०८-२८	केवल प्रसाद भट्ट	४४०८८	श्रमिक सुचिकृत नभएको ।
२३३। २०८२-०३-२३ (संघ चालु)	रमाइलो पिकनिक क्षेत्र निर्माण अधुरो उ.भा.स.	१९६०६०	श्रमिकको नाममा जम्मा भएको बैंक दाखिला नभएको ।
२०९। २०८२-०३-१४	युवा रोजगारको लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कन्काई नदि नियन्त्रण उ.स.	१०४०६४९	श्रमिकको नाममा जम्मा भएको बैंक दाखिला नभएको ।
		२२९५८०२	

अनियमित भएको	२२,९५,८०२

१०७ **औषधी खरिद** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले सिलबन्दी दरभाउँ पत्रबाट रु. १७५१३५० र कोटेशन मार्फत रु. ९२०५१ समेत रु. १८४३४०१ को औषधी तथा सर्जिकल सामग्री खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले पालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ। पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्ट्याई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ। यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

ख) आपूर्ति भएका औषधी जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन।

ग) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

घ) स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरूको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ। साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरूको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन।

ङ) औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ। Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Lead time, maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन। आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ। साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्याउनेतर्फ ध्यान दिनुपर्दछ। साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कन्काई नगरपालिका, झापा , कन्काई नगरपालिका , झापा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुरज श्रेष्ठ	२०८१-२-३	२०८१-९-२
कार्यालय प्रमुख	नारायण न्यौपाने	२०८१-१०-१४	हाल सम्म कार्यरत
लेखा प्रमुख	क्षेत्रनाथ शर्मा	२०८१-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१२९,८९९	१६,५७८,५०९	४,६६८,०८६	०	०	२२७,४००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२१,६०३,८९४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	३,७६६,५४९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,८३७,३४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७४४२११९१.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५६६७७२००	चालु खर्च	२००२८६१४७.७५
प्रदेश सरकारबाट अनुदान	३८१७६३३३	पूँजीगत खर्च	१४२७०००६२
राजश्व बाँडफाँट	१०४९९२७७५.३५	वित्तीय/अन्य व्यवस्था	८२६०२९७११.१८
आन्तरिक आय	५३९५७४६३.६७		
अन्य आय	५९५६२०५८८.४		
कुल आय	११४९४२४३६०.४२	कुल खर्च	११६९०१५९२०.९३
बाँकी मौज्दात		५४८२९६३०.७१	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१५,६३,७९,९०९.०४	०	१५,६३,७९,९०९.०४	१३,९३,८८,६९०.८१	०	१३,९३,८८,६९०.८१
१३०००	अनुदान		३८,६२,६७,१५४.८१	०	३८,६२,६७,१५४.८१	३९,९७,९७,६९४.४९	०	३९,९७,९७,६९४.४९
१४०००	अन्य राजस्व		३,५६,७०,६३०.७४	०	३,५६,७०,६३०.७४	३,७१,६८,४१४.७८	०	३,७१,६८,४१४.७८
१५०००	विविध प्राप्ति		१६,५९,०२९.८०	०	१६,५९,०२९.८०	२२,०६,५०८.४०	०	२२,०६,५०८.४०
क	कुल जम्मा प्राप्ति		५७,९९,७६,७२४.३९		५७,९९,७६,७२४.३९	५७,८५,६१,३०८.४८		५७,८५,६१,३०८.४८
3	चालु		४०,३३,७४,६६४.५०	०	४०,३३,७४,६६४.५०	३८,०९,८२,१७६.३२	०	३८,०९,८२,१७६.३२
२१०००	पारिश्रमिक / सुविधा		२१,८४,३६,४९२.०२	०	२१,८४,३६,४९२.०२	२४,२१,३३,७४९.२८	०	२४,२१,३३,७४९.२८
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,५०,३९,९६६.४८	०	१२,५०,३९,९६६.४८	१२,७९,७५,६९२.६४	०	१२,७९,७५,६९२.६४
२५०००	सहायता (Subsidy)		१,५२,७५,१०७.००	०	१,५२,७५,१०७.००	४०,५२,५६०.००	०	४०,५२,५६०.००
२६०००	अनुदान		०	०	०	४५,००,०००.००	०	४५,००,०००.००
२७०००	सामाजिक सुरक्षा		२,०७,९४,४७८.००	०	२,०७,९४,४७८.००	१८,२०,१७४.४०	०	१८,२०,१७४.४०
२८०००	अन्य खर्च		२,३८,२८,६२१.००	०	२,३८,२८,६२१.००	५,००,०००.००	०	५,००,०००.००
4	पूंजीगत		१९,१३,११,६२२.००	०	१९,१३,११,६२२.००	१८,४०,१८,८९३.९६	०	१८,४०,१८,८९३.९६
३१११०	भवन तथा संरचना		१७,३९,८७६.५०	०	१७,३९,८७६.५०	५४,६८,८६२.००	०	५४,६८,८६२.००
३११२०	सवारी साधन, मेशिनरी औजार,		९१,८७,९४९.००	०	९१,८७,९४९.००	१,१६,७९,७६८.००	०	१,१६,७९,७६८.००

	फर्निचर्स तथा फिक्चर्स							
३११३०	अन्य पूँजीगत खर्च		८१,९८,८८०.००	०	८१,९८,८८०.००	७७,५९,३३८.००	०	७७,५९,३३८.००
३११४०	सुरक्षा उपकरण		०	०	०	१०,००,०००.००	०	१०,००,०००.००
३११५०	सार्वजनिक निर्माण		१७,२१,८४,९१६.५०	०	१७,२१,८४,९१६.५०	१५,७२,११,७२५.९६	०	१५,७२,११,७२५.९६
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	१,५०,०००.००	०	१,५०,०००.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	६,४९,२००.००	०	६,४९,२००.००
३१२२०	मौज्दात सामानहरु		०	०	०	१,००,०००.००	०	१,००,०००.००
5	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी		५९,४६,८६,२८६.५०		५९,४६,८६,२८६.५०	५६,५०,०१,०७०.२८		५६,५०,०१,०७०.२८
ग)	बचत /कमी (ग = क-ख)		(१,४७,०९,५६२.११)		(१,४७,०९,५६२.११)	१,३५,६०,२३८.२०		१,३५,६०,२३८.२०
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(४८,८१,९९७.४०)		(४८,८१,९९७.४०)	१,५४,९५,७८५.४९		१,५४,९५,७८५.४९
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,९५,९१,५५९.५१)		(१,९५,९१,५५९.५१)	२,९०,५६,०२३.६९		२,९०,५६,०२३.६९
च)	गत आ.व.को		७,४४,२१,१९०.२२		७,४४,२१,१९०.२२	४,५३,६५,१६६.५३		४,५३,६५,१६६.५३

	नगद तथा बैंक मौज्दात							
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५,४८,२९,६३०.७१		५,४८,२९,६३०.७१	७,४४,२१,१९०.२२		७,४४,२१,१९०.२२